# नेपाल मेडिकल काउन्सिलको निर्णय सार्वजनिकीकरण

(२०७९ माघ १३ गते)

**२०७९ पुष २९ गतेको निर्णय**

**६. नेमेका ऐन, नियम, आचारसंहिता र आवश्यक सूचना समेटिएको पकेट बुक**

६. सहज सूचना प्रवाहका लागि काउन्सिलमा अस्थायी, स्थायी र विशेषज्ञ प्रमाणपत्र लिन आउने हरेक चिकित्सकलाई निःशुल्क वितरणका लागि नेमेका ऐन, नियम, आचारसंहिता र आवश्यक सूचना समेटिएको पकेट बुकका साथै चिकित्सकले जान्नुपर्ने शीपसंग सम्बन्धित विषयको सूची सहित प्रकाशन गर्ने निर्णय भयो ।

**८. विविध**

क) काउन्सिलको दैनिक काम तथा रेकर्डका लागि आवश्यक सफ्टवेयरको स्पेशिफिकेसन तोकी टेण्डर प्रकृयामा गरको जानकारी गराइयो ।

**२०७९ मंसिर १५ गतेको निर्णय**

**४. विधि मिचेर अनुमति बेगर गरिएको इन्टर्नसिप ।**

४. विद्यमान ऐन, नियमावली, निर्देशिका इन्टर्नसिप गाइडलाईन र काउन्सिलको नियम विपरित परीक्षण दर्ता विना स्नातक तहको इन्टर्नसिप गराउने कुनैपनि संस्थाको प्राचार्य, अस्पताल निर्देशक, विभागीय प्रमुख, कार्यक्रम संयोजक, लगायत संलग्न सबैलाई चिकित्सकको परीक्षण दर्ता विना के कति कारणले इन्टर्नसिप गराएको हो? नियम उल्लंघन गरे बापत तपाईंलाई किन कारवाही नगर्ने? कारवाही गर्नु नपर्ने कारण भए सात दिन भित्र स्पष्टिकरण पेश गर्न पत्राचार गर्ने, यसमा चित्तबुझ्दो जवाफ नआए दर्तावाल चिकित्सकको हकमा ७ दिन निलम्बन र गैरचिकित्सकको हकमा सम्बन्धित कार्यालयलाई विभागीय कारबाहीका लागि लेखिपठाउने । यसको जानकारी सम्बन्धित मेडिकल कलेज वा प्रतिष्ठानको तालुकवाला निकाय, चिकित्सा शिक्षा आयोग र सम्बन्धित मन्त्रालयलाई दिने ।

**६. अनुमति बिना संचालित चिकित्सा शास्त्रका कार्यक्रम**

६. बिभिन्न शैक्षिक संस्थाले नेपाल मेडिकल काउन्सिल र चिकित्सा शिक्षा आयोगको अनुमति बिना संचालन गरेको चिकित्सा शास्त्रका विभिन्न कार्यक्रमहरु नियमन गर्न तथा अनुमति बिना संचालन गरेका त्यसता कार्यक्रममा रोक लगाउनका लागि शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयमा लेखि पठाउने निर्णय भयो ।

**२०७९ कार्तिक २२ गतेको निर्णय**

**२. स्नातक तहको सीप परीक्षण पाठ्यक्रम निर्धारण**

२. काउन्सिलले विषय विज्ञहरुको सहयोगमा तयार पारेको स्नातक तहको सीप परीक्षण पाठ्यक्रमलाई मिति २०७९ कार्तिक २३ गते सरोकारवाला सहितको सहभागितामा अन्तर्क्रिया गरी अन्तिम रुप दिने निर्णय भयो ।

**३. चिकित्सा पेशा गर्न नचाहने व्यक्तिको थप अध्ययन**

३. चिकित्सा शास्त्रको एमबीबीएस तथा बीडीएस उत्तिर्ण सबैले चिकित्सा शास्त्रसंग सम्बन्धित थप विषय अध्ययन वा तालिमका गर्नका लागि यस काउन्सिलको लाइसेन्स परीक्षा उत्तिर्ण गरेको हुनुपर्ने हालको व्यवस्था रहेको हुँदा चिकित्सा पेशा गर्न नचाहनेका लागि बैकल्पिक बिषयमा थप अध्ययन विकल्प दिन सरोकारवाला निकायहरुसंग अन्तर्क्रिया गर्ने निर्णय भयो ।

**४. फेलोसिप कार्यक्रम संचालन**

४. नेपालमा स्नातक तह पश्चात गरिने क्लिनकल फेलोसिप तालिम संचालनका लागि आवेदन दिने अस्पताल वा शिक्षाण संस्थाले पहिलो पटक कार्यक्रम संचालनका लागि अनुमति माग गर्दा अनुगमन शुल्क रु. पचास हजार बुझाउनु पर्ने र फेलोसिप कार्यक्रममा संलग्न हुने चिकित्सक शिक्षक चिकित्सा शास्त्रको अन्य कार्यक्रममा

सहभागि भएनभएको यकिन गर्न चिकित्सा शिक्षा आयोग मार्फत जानकारी लिने निर्णय भयो । फेलोसिप तालिम संचालन गरिरहेका शैक्षिक संस्थालाई अलग्गै निरिक्षण आवश्यक नपर्ने तर कार्यक्रम स्वीकृतिका लागि काउन्सिलमा जानकारी दिनु पर्ने र चिकित्सा शिक्षा आयोगसंगको समन्वयमा त्यस्ता कार्यक्रम रूजु गर्ने निर्णय भयो ।

**५. अनुगम निरिक्षण**

५. अख्तियार दुरूपयोग अनुसन्धान आयोगको प.सं. ९(शिक्षा)१(क)-६६/०७९/८० च.नं. शिक्षा-१२९०० मिति २०७९।०५।३० को पत्रमा उल्लेख भएबमोजिमका मेडिकल कलेजहरूको स्थलगत अनुगमन गरी राय सहितको प्रतिवेदन पेश गर्नका लागि काउन्सिलका अध्यक्षको अनुमतिमा काउन्सिल उपाध्यक्ष डा. शिवजी पौडेलको संयोजकत्वमा संयोजकतत्वमा डा. सन्ध्या चापागाईं, डा. कुन्जाङ्ग शेर्पा, डा. कालुसिंह खत्री, डा. प्रेनित पोखरेल र रजिष्ट्रार सहितको टोलीलाई तोकिएबमोजिमको काममा संलग्न हुने निर्णय गरियो । तोकिएका मेडिकल कलेजको अनुगमन निरिक्षण पश्चात आवश्यकता अनुसार क्रमशः अन्य कलेजहरूको समेत निरिक्षण गर्ने निर्णय भयो ।

**६. चितवन मेडिकल कलेजमा संचालित FRCEM (Fellow of Royal College of Emergency Medicine) कार्यक्रम**

६. कुनैपनि मेडिकल कलेजमा संचालित, काउन्सिलमा दर्ता हुन योग्य, कार्यक्रम चिकित्सा शिक्षा आयोग र सम्वन्धित विश्वविद्यालयबाट अनुमति प्राप्त हुन अनिवार्य भएको हुँदा चितवन मेडिकल कलेजमा संचालित FRCEM (Fellow of Royal College of Emergency Medicine) कार्यक्रम सम्बन्धित देशको राष्ट्रिय निकायबाट मान्यता प्राप्त वा विश्वविद्यालयबाट उपाधि प्राप्त कम्तिमा ३ बर्षे कार्यक्रममा भर्ना हुन आयोगको योग्यता (इलिजिबिलिटी) प्रमाणपत्र लिएको भए काउन्सिल दर्ताका लागि बाधा नहुने निर्णयको जानकारी सम्बन्धित सबैलाई दिने निर्णय भयो ।

**७. विज्ञ विषय परिवर्तन गरी विशेष परीक्षामा सहभागिता**

७. चिकित्सा शास्त्रको स्नातकोत्तर तहमा भर्ना हुनलागेको विषय र काउन्सिलबाट अध्ययन अनुमित प्राप्त बिषयमा बेमेल भएमा अध्ययन गरेको विषयको विशेष परीक्षामा सहभागिता जनाउन आवेदन दिएका चिकित्सकले विश्वविद्यालयको भर्ना पत्र, निजले प्राप्त गरेको प्रमाणपत्र र थेसिसको विषय हेरी माग गरिएको परीक्षमा सामेल गराउन सकिने निर्णय भयो । स्नातकोत्तर तहको थेसिस तोकिएबमोजिम स्तरीय हुनुपर्ने छ ।

**९. चिकित्सकको आचारसंहिता र कारबाही**

९. नेपाल मेडिकल काउन्सिलको मिति २०७९ साउन ०९ गतेको निर्णय बमोजिम चिकित्सकको आचारसंहिता (सामाजिक संजाल तथा बिद्युतीय माध्यम प्रयोग समेत) सामाग्री सहित सामाजिक सञ्जाल तथा विद्युतिय सञ्चार माध्यम उपयोग आचार संहिता र नेपाल मेडिकल काउन्सिल नियमावली २०२४ को नियम २२ र २३ मा भएको व्यवस्थाको अधिनमा रही कारबाही चलाउँदा निम्नानुसार प्रावधानलाई आधार मान्ने निर्णय भयो ।

**खराब आचरण गरेमा कारबाही हुनेः**

९क) कुनै पनि दर्तावाल चिकित्सकले नेपाल मेडिकल काउन्सिलको नियममा तोकिएको आचार संहिता विपरित कार्यगरेमा तोकिएबमोजिमको कारबाही हुनेछ

९ख) काउन्सिलमा दर्ता भएको दर्तावाल चिकित्सकले देहायको खराब आचरण गरेमा काउन्सिलले देहायबमोजिम सचेत गराउने, चेतावनी दिने, निलम्बन गर्ने, वा काउन्सिल दर्ता खारेज गर्न सक्नेछ ।

(क) देहायको कुनै खराब आचरण गरेमा सचेत गराउनेः

१) काउन्सिलबाट प्रदान नगरिएको उपाधी प्रयोग गरेमा

२) भ्रामक प्रचार-प्रसार तथा प्रशारण गरेमा

३) बिरामीलाई दिने पुर्जा (प्रेष्कृप्सन) नाम, उपाधि र काउन्सिल दर्ता नम्बर बुझिने गरि नलेखेमा

(ख) देहायको कुनै खराब आचरण गरेमा चेतावनी दिनेः

१) बिरामीलाई उपचार गर्दा तोकिएको वैज्ञानिक पद्धति अनुसार सल्लाह सुझाव नदिएमा

२) आफ्नो शैक्षिक योग्यता र दक्षता बाहेकको उपचार गरेमा
३) नैतिक आचरण विपरित कार्य गरेमा
४) उपचारका लागि आएको बिरामीसंग आफु मातहत उपचारमा रहेको बखत चिकित्सकीय प्रभावमा पारी अनुचित आर्थिक सम्वन्ध स्थापित गरेमा

(ग) देहायको कुनै खराब आचरण गरेमा दुई महिना सम्म निलम्बन गर्नेः
१) प्रकरण (ख) मा उल्लेखित कुनैपनि कसुर दोहोर्याएमा
२) प्रकरण (ख)१ र (ख)२ मा उल्लेखित कार्यबाट बिरामीलाई पुर्ण रुपमा निको हुन सक्ने किसिमको भौतिक वा मानसिक क्षति भएमा
३) सम्बन्धित विषयको औपचारिक शीप र ज्ञान बिना गैर आकस्मिक समस्याका लागि चिरफार गरी वा नगरी शल्यकृया तथा यस्तै प्रकृतिको उपचार गरेमा
४) कानुनद्वारा वर्जित कुनैपनि उपचार वा विधी प्रयोग गरेमा

(घ) देहायको कुनै खराब आचरण गरेमा दुइ महिना देखि दुई बर्षसम्म निलम्बन गर्ने–
१) प्रकरण (ग) बमोजिमका कसुरहरु दोहोर्याएमा
२) प्रकरण (ग)२ मा उल्लेखित कसुरबाट बिरामीलाई दीर्धकालीन असर पर्ने क्षति भएमा
३) प्रकरण (ग)३ मा उल्लेखित कसुरबाट बिरामीलाई कुनै प्रकारको क्षति भएमा
४) कुनैपनि नैतिक पतन हुने किसिमको कसुरमा अदालबाट अन्तिम फैसला भएर कारबाही भएमा
५) आफ्नो मातहतमा रहेको कुनैपनि बिरामीको उपचार वा रोग निदानको क्रममा निजसंग अनुचित शारिरिक सम्बन्ध स्थापित गरेमा

(ङ) देहायको कुनै खराब आचरण गरेमा काउन्सिलबाट दर्ता खारेज गर्ने–
१) प्रकरण (घ) बमोजिमको कसुरमा सजाय भुक्तान पश्चात सोहि कसुर दोहोर्याएमा
२) प्रकरण (घ)२ र (घ)३ बमोजिमको कसुरबाट बिरामीको मृत्यु भएमा
३) नैतिक पतन देखिने फौजदारी अपराधमा अन्तिम अदालतबाट फैसला भई सजाय भएमा

९ग) मुलुकी संहिताले बर्जित गरेका कामकारबाही गरेको फौजदारी आरोपमा मुद्दा दर्ता भएमा फैसला नहुँदासम्मका लागि आचरण तथा चारित्रिक लगायतका कुनैपनि प्रमाणपत्र जारी नगर्ने ।

**१०. चिकित्सकको आचारसंहिता तथा फौजदारी विषयको व्यवस्थापन**

१०क) चिकित्सकीय अभ्यासका कारण उत्पन्न समस्या, तिनको उजुरी र संबोधनका बारेमा छलफल हुँदा चिकित्कीय त्रुटी, लापवरबाही, क्षतिपूर्ति दावि तथा फौजदारी कसुरमा उजुरी परेपछि हुने प्रकृयागत ढीलाईलाई सम्बोधन गर्नका लागि सार्वजनिक भएको कुनैपनि चिकित्सकीय घटनाको तत्काल कारबाही थाल्न र तथ्य संकलन गर्न joint rapid response team लाई सकृय बनाउन पहल गर्ने निर्णय भयो । आवश्यकता बमोजिम यस्ता घटनाको तत्काल छानविन थाल्नका लागि काउन्सिलले विज्ञ टोली पठाउन सक्ने पूर्वनिर्णय स्मरण गरियो ।

१०ख) उपचार गर्दाको निहुमा हुने कुटपिट, सामाजिक संजाल र समाचारमा आएको विषय तथा फौजदारी मुद्दामा २०७९ भदौ ३१ को निर्णय नं. ८ बमोजिम उपचारसंग सम्बन्धि कानूनी व्यवस्था लागु गर्न गराउन चिकित्सकलाई लाग्ने फौजदारी मुद्दाका बारेमा गृह मन्त्रालय, महान्याधिववक्ता कार्यालय, प्रहरी प्रधान कार्यालय, सबै जिल्ला प्रशासन कार्यालय र जिल्ला न्यायधिवक्ताको कार्यालयलाई विद्यमान कानुनी व्यवस्थाबारे जानकारी गराउनका लागि पत्राचार गर्ने निर्णय भयो ।

१०ग) चितवन मेडिकल कलेज र गोरखा अस्पतालमा भएको हुलहुज्जत तथा तोडफोडको घटना उपर सोही ऐन, कानुन र प्रावधान बमोजिम हुनका लागि लेखि पठाउने निर्णय भयो ।

**११. व्यवसायिक आचरण र आचारसंहिताको कानुनी उपचार**

११. नेपाल मेडिकल काउन्सिलको व्यवसायिक आचरण, अनुगमन लगायतका काममा काउन्सिलको तर्फबाट खटिने सदस्य, विषय विज्ञ तथा कर्मचारी उपर काउन्सिलको काम गरेवापत लागेको मुद्दामामिलामा निजको कानुनी प्रतिरक्षामा लाग्ने कानुनी तथा व्यवसायिक दस्तुर यसै काउन्सिलले ब्यहोर्ने निर्णय भयो । तर यस्तो निर्णय

प्रकृयामा काउन्सिलबाट खटिने विज्ञ, व्यक्ति वा सदस्यको व्यक्तिगत जिम्मेवारी देखिने अवस्थाको व्यवस्था रहेमा उक्त निर्णय लागु नहुने निर्णय भयो ।

**१२. चिकित्सकीय त्रुटीमा क्षतिपुर्ति**

१२. नेमेका ऐन २०२० को दफा २६ को उपदफा (४) मा कसैले यस ऐन बमोजिमको कसूर गरेको कारणबाट कसैको ज्यान मरेमा वा अङ्गभङ्ग भएमा वा अन्य हानि, नोक्सान वा क्षति पुगेकोमा कसूरदारबाट सम्बन्धित पीडितलाई र निजको मृत्यु भएकोमा निजको हकवालालाई मनासिब क्षतिपूर्ति भराई दिनु पर्नेछ भन्ने व्यबस्था रहेको, स्वास्थ्य सेवालाई नियमित, भरपर्दो, मर्यादित र प्रभावकारी बनाउन स्वास्थ्य उपचारको क्रममा उत्पन्न हुन सक्ने आकस्मिक घटना र आर्थिक दायित्वबाट स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्थाको सुरक्षाका लागि स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्थाको सुरक्षा सम्बन्धि ऐन २०६६ को दफा ८ मा स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्थाले तोकिएको दस्तुर स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्था सुरक्षा समन्वय समितिमा बुझाउनु पर्ने व्यवस्था भएको भएता पनि यो विषय प्रावकारी रुपमा लागु हुन नसकेकाले सरोकारवालालाई यो विषय अनिवार्य लागु गर्नगराउन अनुरोध गर्ने र यसको व्यवस्थापनका लागि स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा लेखिपठाउने निर्णय भयो ।

**१३. सीपीडी गाइडलाइन**

१३. नेपाल मेडिकल काउन्सिलको शिक्षा तथा सीपीडी समितिले पेश गरेको सीपीडी संचालन कार्यविधि परिमार्जन सहित पारित गर्ने निर्णय भयो ।

**२०७९ भदौ ३१ गतेको निर्णय**

**२. स्नातक तहको सीप परीक्षण पाठ्यक्रम निर्धारण**

२. काउन्सिलले तयार विज्ञको सहयोगमा तयार पारेको स्नातक तहको सीप परीक्षण पाठ्यक्रमबारे सरोकारवाला सहितको सहभागितामा उपयुक्त समयमा सभा गरी यसबारे जानकारी गराउने निर्णय भयो ।

**३. नेपालमा अध्ययन गरेका विदेशी नागरिक चिकित्सकको योग्यता परीक्षा**

३. नेपाल मेडिकल काउन्सिल नियमावली २०२४ को नियम २०ङ र २०च को पाँचौं संसोधनमा भएको व्यवस्था (राजपत्रमा प्रकाशित मिति २०७८ फागुन २६ गते) बारे छलफल हुँदा उक्त संसोधनमा थपभएको प्रावधान २०ङ. (३क) मा "नेपालमा चिकित्साशास्त्रका मेडिकल वा डेन्टल विषयमा स्नातक तह उत्तिर्ण गरेका विदेशी विद्यार्थीले समेत उपनियम (१) बमोजिम दर्ता प्रमाणपत्र परीक्षामा भाग लिन पाउनेछन्" र २०च. (३क) मा "नेपालमा चिकित्साशास्त्रका मेडिकल वा डेन्टल विषयमा स्नातक तह उत्तिर्ण गरेका विदेशी विद्यार्थीले समेत उपनियम (१) बमोजिम दर्ता प्रमाणपत्र परीक्षामा भाग लिन पाउनेछन्" भनि उल्लेख भएको विषयमा नेपाल मेडिकल काउन्सिलको मिति २०७९ असार २० गतेको काउन्सिलको पूर्णबैठकले नेपालका मेडिकल कलेजमा अध्ययन गरेका विदेशी नागरिक चिकित्सकलाई लिने भनिएको परीक्षामा उत्तिर्ण व्यक्तिहरु स्वतः काउन्सिल दर्ता नहुने तथा निजहरूले काउन्सिल ऐन र नियमको परिधीमा रही भविश्यमा नेपालमा दर्ता हुन र चिकित्सकीय अभ्यास गर्न चाहेमा नियमावलीको नियम २०ङ(५), २१च र अन्य नियमकानुनमा भएको व्यवस्था अनुसार छुट्टै प्रकृया पूरागर्नु पर्ने तथा उक्त संसोधित व्यवस्थाबाट परीक्षा उत्तिर्ण विदेशी चिकित्सक स्वतःदर्ता हुने वाध्यात्मक परिश्थिति हुनेनहुने थप ब्याख्या गर्न स्वास्थ्य तथा जनसंख्या मन्त्रालय मार्फत महान्यायधिवक्ताको कार्यालयलाई लेखिपठाइएकोमा यस विषयमा महान्यायधिवक्ताको कार्यालयबाट थप प्रष्टिकरण सहित मिति २०७९।०५।२३ मा प्राप्त प्रष्टिकरणका आधार नेपालका मेडिकल कलेजमा अध्ययन गरेका विदेशी नागरिक चिकित्सक दर्ता परीक्षामा सहभागि हुन पाउने तर सो परीक्षामा उत्तिर्ण भएकै कारण स्वतः दर्ता नहुने र यस विषयमा नेपाल मेडिकल काउन्सिल नियमावली २०२४ को नियम २१च मा विदेशी नागरिक चिकित्सकको नाम दर्ता सम्बन्धि गरिएको व्यवस्था आकर्षित हुनेहुँदा नियम २१च ले तोकिदिएको अवस्था र प्रकृया पूरा नगरी विदेशी नागरिक चिकित्सकले नेपाल भित्रको कुनै अस्पताल वा मेडिकल कलेजमा चिकित्सा व्यवसाय गर्न नपाउने अर्थात, नेपाल मेडिकल काउन्सिल ऐन, नियम र अन्य प्रचलित कानून बमोजिमको शर्त, प्रकृया पूरागरे पश्चात मात्र नेपालमा चिकित्सा व्यवसाय गर्न पाउने निर्णय भयो । यसका साथै

नेपालका मेडिकल कलेजमा अध्ययन गरेका विदेशी नागरिक चिकित्सकलाई काउन्सिलले लिने दर्ता परीक्षा र विशेष परीक्षामा सहभागि हुनका लागि निजको प्रवेशपत्रमा "योग्यता परीक्षा" उल्लेख गर्ने, हाल कायम रहेको परीक्षा शुल्क लिने र उक्त योग्यता परीक्षामा उत्तिर्ण चिकित्सकलाई तोकिएको तहको परीक्षा उत्तिर्ण भएको निस्सा प्रदान गर्ने निर्णय भयो । सो निस्साको आधारमा मात्र निजको नेपाली नागरिक सरह चिकित्सा व्यवसाय गर्न योग्य नहुने निर्णय भयो । यसबारे प्राप्त रायबमोजिमको सूचना प्रकाशित गरी आवश्यक जानकारी सर्वसाधारणलाई दिने ।

मिति २०७९।०५।२३ को महान्यायधिवक्ताको कार्यारलयबाट प्राप्त कानूनी राय अनुसूचीमा टाँस गरिएको छ ।

**४. आमजनता र चिकित्सकका लागि जानकारी मुलक सन्देशको श्रव्यदृष्य**

४. मुलक सन्देशको श्रव्यदृष्यको निर्माण तथा प्रचार प्रसारको जिम्मा रजिष्ट्रारलाई दिने र यस्तो सूचनामूफक सन्देश नेपाल टेलिभिजन लगायत उपयुक्त संचार माध्यमबाट प्रसारण गर्ने निर्णय भयो ।

**५. अल्ट्रासाउण्ड प्रविधीको तालिम, प्रयोग र रिपोर्टिंग**

५. अल्ट्रासाउण्ड प्रविधीको प्रयोग र सेवा प्रवाह र रिपोर्टिंग वारे निम्नानुसार निर्णय गरी सूचना प्रकाशन तथा अनुगमन गर्ने निर्णय भयो ।

देशका विभिन्न स्वास्थ्य संस्थाहरुमा आवश्यक न्यूनतम योग्यता बिना अनाधिकृत रुपमा रेडियोलोजी सेवा अन्तर्गतको अल्ट्रासाउण्ड सेवा प्रवाह भैरहेको व्यापक गुनासाहरु प्रति नेपाल मेडिकल काउन्सिलको गम्भीर ध्यानाकर्षण भएको छ । मान्यता प्राप्त शिक्षण संस्थाबाट चिकित्सा शास्त्रको कुनै पनि बिषयमा स्नातकोत्तर उपाधि प्राप्त गरी नेपाल मेडिकल काउन्सिलमा विधिवत विशेषज्ञ दर्ता प्रमाणपत्र प्राप्त चिकित्सकहरुलाई मात्र विशेषज्ञ चिकित्सकको रुपमा गणना गरिने र त्यस्तो बिषय विज्ञलाई सम्वन्धित विषयको विशेषज्ञ मानी व्यवसायिक सेवा प्रवाह गर्न अनुमति दिइने व्यहोरा अवगतै छ ।

नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट जारी “स्वास्थ्य संस्था स्थापना तथा स्तरोन्नति मापदण्ड सम्बन्धी निर्देशिका, २०७०” को दफा २३ मा उल्लेख भए बमोजिम एक्स-रे, सीटी स्क्यान, एमआरआई, अल्ट्रासाउण्ड, लगायतका रेडियोलोजी सेवा तथा सो को रिपोर्टिङ्ग रेडियोलोजिष्टहरुले मात्र गर्न पाउने व्यबस्था छ । यसका साथै जीवन बचाउने, हातगोडा बचाउने लगायतका आकस्मिक अवस्थाहरु बाहेक अल्ट्रासाउण्ड सेवा रेडियोलोजिष्ट आफैं वा निजको प्रत्यक्ष निगरानीमा गर्नुपर्ने विषयमा नेपाल मेडिकल काउन्सिल प्रष्ट छ ।

मिति २०७७/१०/०६ गते नेपाल मेडिकल काउन्सिलका अध्यक्षको अध्यक्षतामा नेपाल मेडिकल काउन्सिल, नेपाल रेडियोलोजिस्ट एसोसियसन, राष्ट्रिय तालिम केन्द्र तथा परिवार स्वास्थ्य महाशाखाका प्रतिनिधिहरु बिच भएको बैठकले यस सम्बन्धमा नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट जारी स्वास्थ्य संस्था स्थापना तथा स्तरोन्नति मापदण्ड सम्बन्धी निर्देशिका, २०७० मा भएको व्यवस्थालाई आधार मानी अल्ट्रासाउण्ड सेवाको उचित व्यवस्थापनका लागि भएको निर्णयको सन्दर्भ र मिति २०७९ भदौ ३१ गतेको नेपाल मेडिकल काउन्सिलको पूर्णबैठकको निर्णय बमोजिम तपसील बमोजिम गर्नगराउन सम्बन्धित सबैलाई अनुरोध गरिन्छ ।

१. नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको स्वास्थ्य संस्था स्थापना, सञ्चालन तथा स्तरोन्नति मापदण्ड सम्बन्धी निर्देशिका, २०७० को दफा २३ को उपदफा (२) (ग) (१) (२) मा गरिएको व्यवस्था अनुसार रेडियोलोजी तथा इमेजिङको आधिकारिक रिपोर्टिङ्ग नेपाल मेडिकल काउन्सिलमा रेडियोलोजिष्टका रुपमा दर्ता भएको विशेषज्ञ चिकित्सकले मात्र गर्न पाउने ।

२. स्वास्थ्य संस्था स्थापना, सञ्चालन तथा स्तरोन्नति मापदण्ड सम्बन्धी निर्देशिका, २०७० को दफा २३ को उपदफा (२) (ङ) मा गरिएको व्यवस्थामा आधारित रहेर आफ्नो क्षेत्रमा मात्र प्रयोगमा ल्याउने गरी मान्यता प्राप्त संस्थाबाट कम्तीमा ३ महिनाको अल्ट्रासाउण्ड तालिम प्राप्त नेपाल मेडिकल काउन्सिलको दर्तावाल स्त्री तथा प्रसूति रोग विशेषज्ञ तथा जनरल प्राक्टिस/इमरजेन्सी मेडिसिन

विशेषज्ञले पेट र तल्लोपेट (एब्डोमिन एण्ड पेल्भिस) को अल्ट्रासाउण्डको प्रयोग गर्न पाउनेछन् । अल्ट्रासाउण्ड तालिमको आधिकारिकता तथा प्रमाण काउन्सिलबाट जाँचबुझ हुनसक्ने छ ।

३. सीमित सीप तथा कौशल सहितको अल्ट्रासाउण्ड तालिम प्राप्त गरेका स्वास्थ्यकर्मीले खास प्रयोजनका लागि सरकारले तोकेका स्थानमा तोकिएका विषय तथा अङ्गको मात्र अल्ट्रासाउण्ड गर्नुका साथै त्यस्तो तालिमप्राप्त चिकित्सक तथा स्वास्थ्यकर्मीले सरकारी, नीजि तथा संस्थागत सेवा प्रदायक निकायमा आफूले उपचार गर्दैआइरहेको र उपचार गर्नुपर्ने बिरामीको रोग पहिचान, निदान तथा उपचारमा सहयोग पुग्ने हेतुले अल्ट्रासाउण्ड गर्न पाउने तर व्यावसायिक रिपोर्टिङ गर्न नपाउने ।

माथि उल्लेखित बाहेक ऐन, नियम तथा व्यवस्थापनका विपरित अनाधिकृत रुपमा अल्ट्रासाउण्ड गरेको वा गराईएको पाइएमा प्रचलित कानून बमोजिम व्यहोरा सबैमा सूचित गरिन्छ ।

**६. करार अवधिको असल चारित्रिक प्रमाणपत्र**

६. करार अवधिको असल चारित्रिक प्रमाणपत्र जारी गर्ने विषयमा छलफल हुँदा करारका सर्त लागु गराउने निकायबाट लेखिआएमा वा करार बमोजिम १ बर्ष सेवासर्त पूरागरेका चिकित्सकलाई करारको सर्त उल्लेख गरी असल चारित्रिक प्रमाणपत्र दिन सकिने निर्णय भयो ।

**८. उपचारसंग सम्बन्धि कानूनी व्यवस्था लागु गर्ने**

८. नेपाल मेडिकल काउन्सिलमा दर्ता भई चिकित्सकीय पेशा सञ्चालन गर्ने वा चिकित्सकीय कार्य गर्ने चिकित्सकहरुले कुनै व्यक्तिको स्वास्थ्योपचार गर्दा ज्यान मर्न वा अङ्गभङ्ग हुन गएमा वा स्वास्थ्य उपचारको सिलसिलामा कुनै दुर्घटना हुनगै स्वास्थ्य उपचारमा संलग्न चिकित्सक दोषि देखिने अवस्था भएमा सो चिकित्सकको सम्बन्धमा आवश्यक अनुसन्धान गर्न मुलुकी फौजदारी कार्यविधि संहिता २०७४ को दफा १८९ (३) मा नेपाल मेडिकल काउन्सिलले तोकेको सम्बन्धित विज्ञ चिकित्सकको संयोजकत्वमा ५ जनाको अनुसन्धान समिति रहने कानूनी व्यवस्था रहेको हुँदा कुनै पनि चिकित्सक तथा स्वास्थ्यकर्मीले स्वास्थ्य उपचारका क्रममा कुनै लापरवाही वा हेलचेक्राई गरेको शंकालागेमा मुलुकी अपराध संहिता, २०७४ को परिच्छेद १९ को इलाज सम्बन्धी कसूरको दफा २३१, २३२, २३३ र २३८ ले कानुनी उपचार सम्बन्धि कानुनी व्यवस्था गरेको र उल्लेखित दफा बमोजिमको कानुनी उपचारको कार्यविधिले मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १८९ को उपदफा ३ मा अनुसन्धान समितिको व्यवस्था छ । सोही दफाको उपदफा ४ मा समितिको राय बमोजिम मात्रै सम्बन्धित सरकारी वकील कार्यालयले मुद्दा दर्ता गर्ने व्यवस्था गरेकोले, निज चिकित्सकले कुनै हिंसा वा स्वास्थ्य उपचार गर्दा लापरवाही गरेको छ वा छैन तत् सम्बन्धमा अनुसन्धान समितिले अनुसन्धान गर्ने हुँदा पिडित पक्षले समितिमा उजुरी गर्नपर्ने कानूनी व्यवस्था भएकोले, अनुसन्धान समितिले स्वतन्त्र रुपमा गर्ने काम कारवाही प्रवाहित हुने किसिमबाट मुद्दा दर्ता तथा प्रक्राउपूर्जी जारी गर्ने वा प्रक्राउ गर्ने लगायतका काम कारवाही नगर्न नगराउन सम्बन्धित सबैलाई जानकारीका गराउने निर्णय भयो ।

## २०७९ भदौ ६ गतेको निर्णय

**१. काउन्सिल अन्तर्गतका समितिहरुको पुनर्गठन**

१क) नेपाल मेडिकल काउन्सिलका अध्यक्षको प्रस्तावमा सबै समितिहरुको सुपरिवेक्षण **उपाध्यक्ष**बाट हुनेगरी निम्नबमोजिम समितिहरुको पुनर्गठन गर्ने निर्णय भयो ।

**१. शिक्षा तथा सी.पी.डी.समिति**

डा. सन्ध्या चापगाईं – संयोजक

डा. गुरु शरण साह – सहसंयोजक

डा. रुपक बि.क. घिमिरे – सदस्य

डा. हुलास अग्रवाल – सदस्य

डा. तोसिमा कार्की – सदस्य

**२. दर्ता समिति**

डा. विश्वराज दवाडी – संयोजक
डा. विक्रान्त ढकाल – सहसंयोजक
डा. रुपक बि.क. घिमिरे – सदस्य
डा. रोहित कुमार मिश्र – सदस्य
डा. तोसिमा कार्की – सदस्य

**३. विदेशी नागरिक दर्ता समिति**

डा. लोचन कार्की – संयोजक
डा. विश्वराज दवाडी – सहसंयोजक
श्री किशोरविक्रम मल्ल – सदस्य
डा. गुरु शरण साह – सदस्य
डा. रोहित कुमार मिश्र – सदस्य

**४. व्यावसायिक आचरण तथा स्वास्थ्य समिति**

डा. कालुसिंह खत्री– संयोजक
डा. कुञ्जाङ्ग शेर्पा – सहसंयोजक
डा. हरिहर वस्ती – सदस्य
डा. गुरु शरण साह– सदस्य
डा. सुभित मास्के – सदस्य

**५. परीक्षा समिति**

डा. सुप्रभात श्रेष्ठ – संयोजक
डा. सन्ध्या चापगाईं – सहसंयोजक
डा. प्रेणित पोखरेल – सदस्य
डा. विक्रान्त ढकाल – सदस्य
डा. कुञ्जाङ्ग शेर्पा – सदस्य

**६. दन्त समिति**

डा. सुभित मास्के – संयोजक
डा. प्रेणित पोखरेल – सहसंयोजक
डा. कालुसिंह खत्री – सदस्य
डा. सुप्रभात श्रेष्ठ – सदस्य
डा. हुलास अग्रवाल – सदस्य

१ख) व्यवसायिक आचरण तथा स्वास्थ्य समितिलाई चिकित्सकको व्यक्तिगत रेकर्ड तथा असल चारित्रिक प्रमाणपत्रमा नजनिने गरि समितिका बहुमत सदस्यको उपस्थिति तथा उपस्थित सदस्यहरुको सर्बसम्मत निर्णयका आधारमा दोषी चिकित्सकलाई सचेत गराउन सक्ने सम्मको अधिकार प्रदान गर्ने निर्णय भयो ।

१ग) व्यवसायिक आचरण सम्बन्धि कामको सहजताका लागि व्यवसायिक आचरण तथा स्वास्थ्य समितिको सिफारिसमा काउन्सिल सदस्यलाई प्रादेशिक जिम्मेवारी दिन सकिने निर्णय भयो ।

**२. इलिजिबिलिटी प्रमाणपत्र जारी गर्ने**

२. तात्कालिन समयमा चिकित्सा शास्त्र अध्ययनका लागि काउन्सिलले तोकेको न्यूनतम शैक्षिक योग्यताको मापदण्ड पुरा गरेका र अध्ययन गर्न जानुपूर्व कुनै एकपटक प्रवेश परीक्षा उतिर्णलाई सो तहको अध्ययन गर्न योग्यमानी नियमानुसारको दस्तुर लिई इलिजिबिलिटी प्रमाणपत्र जारी गर्न सकिने निर्णय भयो ।

**३. फेलोसिप निर्देशिका र तालिम अनुमति**

३. शिक्षा समितिले तयार पारेको फेलोसिसप निर्देशिका पहिले जारी निर्देशिकामा भएका विषयसमेत समावेश गरी परिमार्जन सहित पारित गरियो । यो प्रतिवेदन अनुसूचीमा टाँस गरी सर्वसाधारणका लागि सार्वजनिक गर्ने निर्णय भयो । यो निर्देशिका तयार गर्न सहयोग गर्ने सबैलाई धन्यबाद ज्ञापन गरियो ।

३क) बी.पी. कोइराला क्यान्सर अस्पतालबाट फेलोसिप कार्यक्रमका सञ्चालनका लागि अनुरोध भै आएकोमा यस काउन्सिलबाट निर्धारित निर्देशिका बमोजिम भएको अनुगमन तथा निरीक्षण पश्चात निम्नानुसार हुनेगरी उपाधि, विषय र सीट संख्या तोकी एकबर्षको अवधि कायमगरी तपसिल बमोजिमका विषयमा क्लिनिकल फेलोसिप तालिम सञ्चालन अनुमति प्रदान गर्ने निर्णय भयो ।

<u>तपसिल</u>

1. Clinical fellowship in Onco-anesthesiology- 1 (one)
2. Clinical fellowship in Breast oncosurgery- 1 (one)
3. Clinical fellowship in Gynae oncosurgery- 1 (one)
4. Clinical fellowship in ENT, head and neck oncosurgery- 2 (two)
5. Clinical fellowship in Medical oncology- 2 (two)
6. Clinical fellowship in Orthopedics oncosurgery- 1 (one)
7. Clinical fellowship in Oncopathology- 2 (two)
8. Clinical fellowship in Uro-oncosurgery- 1 (one)
9. Clinical fellowship in Pediatric hemato-oncology- 1 (one)
10. Clinical fellowship in Oncological radiodiagnosis- 2 (two)

**४. प्रेस्क्रिप्सन अडिट तथा औषधि विक्रि नियमन**

४. प्रेस्क्रिप्सन अडिट तथा औषधि विक्रि नियमनका लागि नेपाल फार्मेसी काउन्सिलसंगको सहकार्यमा प्राविधिक सहयोग र विज्ञ सहयोग गरी हाललाई काउन्सिलका तर्फबाट ५ लाख रकम, प्राविधिक सहयोग र विज्ञ सहयोग उपलब्ध गराउने निर्णय भयो । यस नियमन कार्यको प्रगति तथा अन्तिम प्रतिवेद तयार परी बुझाउन र रकम फछ्र्यौट गर्न निर्देशन दिने निर्णय भयो ।

**६. सूचना प्रविधि (information technology) को टेण्डर आह्वान**

६. यस काउन्सिलका लागि आवश्यक सफ्टवेयर तथा हार्डवेयरका लागि आवश्यक सेवाका लागि बोलकबोल मार्फत सेवा लिनका लागि टेण्डर आह्वान गर्ने निर्णय भयो ।

**७. काज अनुरोध**

७. काउन्सिलको परीक्षा, आचार संहिता लगायतका काममा संलग्न हुने विज्ञलाई काउन्सिलको काममा संलग्न भएको अवधिका लागि काजको व्यवस्था गर्न विज्ञ कार्यरत सरकारी तथा नीजि कलेजलाई अनुरोध गर्ने निर्णय भयो ।

**८. बिभिन्न निर्देशिकाहरु**

८. चिकित्सकको आचार संहिता, इथिकल प्राक्टिस, गुड क्लिनिकल प्राक्टिस, informed consent- सुसूचित अनुमति (साधारण र विशेष), मृत्यु घोषणा प्रमाणपत्र, सर्जिकल चेकलिष्ट, प्रेश्कृप्सन ढाँचा, आदिमा एकरूपता कायम गर्नका लागि विज्ञ समुहको सुझाव बमोजिम अध्यावधिक गरि पारित गर्ने र सो दस्तावेजहरु सार्वजनिक गरि लागु गर्ने निर्णय भयो ।

**१०. स्वदेश तथा विदेशमा अध्ययनरत विद्यार्थी बारे**

१०क) नेपालका विभिन्न कलेजमा स्नातक तहको अध्ययन पूरागरी इन्टर्नसीपका लागि अनलाइन फारम भरी नियमानुसारको दस्तुर समय मै बुझाएका तर नियमानुसारको आवेदन प्रकृया पूरानगरेका विद्यार्थीहरुको हकमा विद्यार्थी तथा कलेजलाई चेतावनी सहित एक पटकका लागि परीक्षण दर्ता गरिदिने निर्णय भयो । तर अन्यको हकमा नियमानुसारको सबै आवेदन प्रकृया पूरागरेको मिति पश्चात मात्र इन्टर्नसीपका लागि परीक्षण दर्ता गरिदिने निर्णय भयो ।

१०ख) मिति २०७९ असार १५ गतेको पूर्णबैठकको निर्णय "चीनमा अध्ययनरत चिकित्सा शिक्षाका बिद्यार्थीहरुको अध्ययन अवधि र प्रमाणपत्र प्राप्त गर्ने समायवधि बारे सम्बन्धित कलेजमा सम्पर्क गरी यथार्थ विवरण बुझेर निजहरुलाई अपुग अध्ययन अवधि एकिन गरेरमात्र अध्ययन सुरुगर्न सूचित गर्ने" स्मरण गरियो । यसका आधारमा दोधारमा परेका र समय यकिन हुन बाँकी विद्यार्थी तथा कलेजका लागि पत्राचार तथा सूचना प्रवाह गर्ने निर्णय भयो ।

**११. विदेशी शिक्षक चिकित्सक तथा विदेशी विद्यार्थी दर्ता बारे**

११क) नेपालका विश्वविद्यालय र कलेजमा अध्यापन गर्न आउने विदेशी शिक्षक चिकित्सकले काउन्सिल दर्ताका लागि आवेदन गर्दा नेपालको सम्बन्धित विश्वविद्यालयले निजको तहतोकी सोहीतहमा अध्यापन अनुमती प्रदान गर्न सकिने व्यहोरा खुलाई पठाए पश्चात मात्र निजहरुको दर्ता प्रकृया अगाडी बढाउन सकिने निर्णय भयो ।

११ख) नेपालका विश्वविद्यालय र कलेजमा अध्यापन गर्न आउने विदेशी शिक्षक चिकित्सकको दर्ता तथा नियमित उपस्थिति बारे जाँचबुझ र ताकेता गर्ने निर्णय भयो ।

११ग) नेपालका विश्वविद्यालय र कलेजमा स्नातकोत्तर तहमा अध्ययन गर्न आउने विदेशी चिकित्सक विद्यार्थीको काउन्सिल दर्ता अनिवार्य भएकाले निजहरुको दर्ताको अवस्थाबारे सम्बन्धित कलेजमा लेखिपठाउने र अनिवार्य दर्ताका लागि ताकेत गर्ने निर्णय भयो ।

**१२. विविध-**

१२क) विभिन्न देशबाट उत्तिर्ण चिकित्सकको उपाधी तथा प्रमाणपत्र रुजु गर्ने संस्था इसीएफएमजीले हरेक देशका चिकित्सक दर्ता गर्ने निकायको आधिकारिकताका लागि सन् २०२४ सम्ममा दर्ता सूचिकरण गर्नका लागि दिएको सूचना कार्यान्वयनका लागि चिकित्सा शिक्षा आयोगसंगको सहकार्यमा नेपालका कलेज तथा प्रतिष्ठानको मान्यताका लागि आयोगलाई लेखिपठाउने तथा दर्ता सहजिकरण गर्ने निर्णय भयो ।

१२ख) चिकित्सकको शीप परीक्षण प्रयोजनका लागि सुविधा सम्पन्न विभिन्न कलेज तथा प्रतिष्ठानसंग छलफल गरी सो संस्थाको अनुगमन पश्चात उपयुक्त देखिएमा त्यस्ता संस्थालाई शीप परीक्षणको प्रमाणपत्र जारी गर्नसक्ने सम्मको अधिकार दिन सकिने निर्णय भयो ।

१२ग) एमबीबीएस र बीडीएस उत्तिर्ण विद्यार्थीलाई चिकित्सकिय अभ्यास नहुने नन्मेडिकल विषयको स्नातकोत्तर तहमा अध्ययन अनुमतिका लागि सम्बन्धित निकाय (विश्वविद्यालय तथा चिकित्सा शिक्षा आयोग) संग छलफल चलाउने निर्णय भयो ।

**२०७९ साउन ०९ गतेको निर्णय**

**२. चिकित्सकको आचारसंहिता (सामाजिक संजाल तथा बिद्युतीय माध्यम प्रयोग समेत) सामाग्री सहित सामाजिक सञ्जाल तथा विद्युतिय सञ्चार माध्यम उपयोग आचार संहिता**

२. नेपाल मेडिकल काउन्सिल नियमावली २०२४ मा भएको चिकित्सकीय आचार संहिता प्रावधानहरुको साथै सामाजिक सञ्जाल तथा विद्युतिय सञ्चार उपयोगका लागि देहायको आचार संहिता कायम गरिएको छः-

(१) दर्तावाल चिकित्सकले आफुले नेपाल मेडिकल काउन्सिलामा दर्ता रहेका बाहेकका उपाधी प्रयोग गर्न गराउन हुँदैन, सामाजिक सन्जालमा कुनै पेशागत विवरण राख्नु पर्ने भए काउन्सिल दर्ता प्रमाणपत्रमा उल्लेखित उपाधी मात्र लेख्न पाइनेछ ।

(२) नेपाल मेडिकल काउन्सिलमा दर्ता भएका चिकित्सकहरुले सामाजिक सञ्जाल तथा विद्युतिय सञ्चार माध्यममा लेख्दा तथ्यपरक सान्दर्भिक विषय वस्तु मात्र राख्नुपर्ने छ ।

(३) उपचारजन्य कुनै पनि जानकारी दिनु पर्ने भएमा वैज्ञानिक रुपमा स्थापित तथ्य मात्र लेख्न पाइने छ । साथै सम्भव भएसम्म उक्त तथ्यको पछिल्लो सन्दर्भ सामाग्री (reference) उल्लेख गर्नु पर्नेछ ।

(४) कुनै पनि बिरामीसंग सम्बन्धित विषयवस्तु बारे जानकारी दिनुपर्ने भए निजको वा निजको हकवालाको सुसूचित मन्जुरी (informed consent) लिन अनिवार्य छ । तर बिरामीको परिचय खुल्नेगरि कुनै पनि उपचारजन्य भिडियो वा तस्विर सामाजिक संजालमा राख्न पाइने छैन ।

(५) उपचारसंग सम्बन्धित रहेर दिइने अनलाइन सुझाव तथा परामर्शको हकमा निम्नानुसार व्यवस्था लागु हुनेछ ।

क) अनलाइन परामर्शमा समेत कानुनी पक्ष आकर्षित हुनेहुँदा अनिवार्य रुपमा लिखित अभिलेख राख्नु पर्नेछ ।

ख) अनलाइन परामर्श तथा सुझाव प्रदान गर्दा कुनैपनि रोगको निदान तथा उपचार असहज हुने देखिएमा अनिवार्य रुपमा बिरामीलाई भौतिक चेकजाँच गरेर मात्र उपचारजन्य सुझाव तथा सल्लाह दिनु पर्नेछ ।

ग) अनलाइन परामर्श र भौतिक परामर्श दुबैको कानुनी दायित्व बराबर हुनेहुँदा सोही अनुरुप गर्न गराउन अनिवार्य छ ।

घ) कुनै पनि समस्याका बारेमा अनलाइन छलफल गर्दा आफ्नो धारणा प्रकट गर्न पाइने छ । तर अन्य व्यक्ति तथा संस्थाका धारणाहरुको आलोचना गर्दा तथ्यपरक ज्ञान तथा जानकारी आवश्यक पर्नेछ । आलोचनात्मक अभिव्यक्तिमा समेत अपमानजनका शब्द प्रयोग गर्न पाईने छैन ।

ङ) अनलाइन परामर्श बारे अन्य व्यवस्था नेपाल मेडिकल काउन्सिलको Telemedicine guideline मा उल्लेख छन् ।

(६) सामाजिक सन्जाल प्रयोगको क्रममा आफ्नो सहकर्मी मित्रहरु प्रति अनिवार्य रुपमा नेपाल मेडिकल काउन्सिल नियमावली २०२४ मा तोकिए बमोजिमको व्यवहार तथा आचरण पालना गर्नु पर्नेछ ।

(७) सहकर्मी चिकित्सकलाई अनुचित शब्द प्रयोग गर्न, गालीगलौज गर्न तथा त्यस्ता शब्दले सम्बोधन गर्न पाइने छैन ।

(८) कुनै पनि चिकित्सकले आफ्ना पदीय वा पेशागत मर्यादा विपरितका अभिव्यक्तिहरु सम्प्रेषण गर्न पाईने छैन ।

**सामाजिक सञ्जाल तथा विद्युतिय सञ्चार उपयोग तथा अनलाइन सुझाव तथा परामर्श उपर कारबाही-**

(१) सामाजिक सञ्जाल तथा विधुतिय सञ्चार आचार संहिता उलङ्घन गरेमा काउन्सिलका साथै प्रचलित ऐन तथा नियमावलीमा भएको व्यवस्था बमोजिम कारवाही हुनेछ ।

(२) उपरोक्त आचार संहिता उलङ्घन कसैले गरेमा कसुरको प्रकृति हेरी नेपाल मेडिकल काउन्सिलका साथ नेपाल प्रहरी साइवर ब्युरो, केन्द्रीय अनुसन्धान ब्युरो, लगायतका निकायबाट समेत कारवाही हुन सक्नेछ ।

## ४. फेलोसीप मान्यता सम्बन्धी

**२०७९ असार २० गतेको निर्णय**

नेमेका नियमावली २०२४ को पाँचौं संसोधनका सम्बन्धमा उठेका प्रश्नहरु बारे निम्नानुसार प्रष्ट पारी कार्यान्वयन गर्ने सर्वसम्मत निर्णय भयो ।

१. नेपालका मेडिकल कलेजमा अध्ययन गरेका विदेशी नागरिक चिकित्सकलाई लिने भनिएको परीक्षामा उत्तिर्ण व्यक्तिहरु स्वतः काउन्सिल दर्ता नहुने स्पष्ट गरियो । यसका साथै निजहरुले नेमेका ऐन र नियमको परिधीमा रही भविश्यमा नेपालमा दर्ता हुन र चिकित्सकीय अभ्यास गर्न चाहेमा नियमावलीको नियम २०ङ(५), २१च र अन्य नियमकानुनमा भएको व्यवस्था अनुसार छुट्टै प्रकृया पूरागर्नु पर्ने ।

२. उक्त संसोधित व्यवस्थाबाट परीक्षा उत्तिर्ण विदेशी चिकित्सक स्वतःदर्ता हुने वाध्यात्मक परिश्थिति हुनेनहुने थप ब्याख्या गर्न स्वास्थ्य तथा जनसंख्या मन्त्रालय मार्फत महान्यायधिवक्ताको कार्यालयलाई लेखिपठाउने ।

३. यस विषयमा महान्यायधिवक्ताको कार्यालयबाट थप प्रष्टिकरण नहुन्जेल निजहरुको परीक्षा स्थगित गर्ने ।

४. नेपाल र भारत बिच उच्चस्तरीय स्तरमा छलफल भै अगाडी बढेको मेडिकल उपाधीहरुको आपसी मान्यताको पछिल्लो स्थितिको बारेमा जानकारी लिन भारतको नेशनल मेडिकल कमिसनलाई लेखिपठाउने ।

**सन्दर्भ सामाग्री**

**नेपाल मेडिकल काउन्सिल नियमावली २०२४ को नियम २०ङ र २०च को पाँचौं संसोधनमा भएको व्यवस्था (राजपत्रमा प्रकाशित मिति २०७८ फागुन २६ गते)**

२०ङ. दर्ता प्रमाणपत्र परीक्षाः (१) ऐनको दफा ७क. को उपदफा (१) को खण्ड (घ) को प्रयोजनको लागि काउन्सिलले दर्ता प्रमाणपत्र परीक्षा लिनेछ ।

(२) उपनियम (१) बमोजिमको दर्ता प्रमाणपत्र परीक्षा देहायको कुनै एक वा एकभन्दा बढी तरीकाबाट सञ्चालन गर्न सकिनेछः–

(क) लिखित परीक्षा,

(ख) प्रयोगात्मक परीक्षा, र

(ग) अन्तर्वार्ता ।

(३) दर्ता प्रमाणपत्र परीक्षा दस्तुर अनुसूची–९ मा तोकिए बमोजिम हुनेछ ।

**(३क) नेपालमा चिकित्साशास्त्रका मेडिकल वा डेन्टल विषयमा स्नातक तह उत्तिर्ण गरेका विदेशी विद्यार्थीले समेत उपनियम (१) बमोजिम दर्ता प्रमाणपत्र परीक्षामा भाग लिन पाउनेछन् ।***

(४) दर्ता प्रमाणपत्र परीक्षा सम्बन्धी अन्य व्यवस्था काउन्सिलले तोके बमोजिम हुनेछ ।

(५) दर्ता प्रमाणपत्र परीक्षा उत्तीर्ण गरेको चिकित्सकको नाम ऐन र यस नियमावलीमा लेखिएका अन्य व्यवस्थाहरुको अधीनमा रही दर्ता गरिनेछ ।

२०च. विशेष परीक्षाः (१) ऐनको दफा २१घ. को प्रयोजनको लागि काउन्सिलले तोकेको पाठ्यक्रमको आधारमा विशेष परीक्षा लिन सक्नेछ ।

(२) विशेष परीक्षामा लिखित परीक्षा अनिवार्य हुनेछ तथा काउन्सिलले आवश्यकता अनुसार प्रयोगात्मक परीक्षा, अन्तर्वार्ता र अन्य किसिमको परीक्षा पनि लिन सक्नेछ ।

(३) विशेष परीक्षा दस्तुर अनुसूची–९ मा तोकिए बमोजिम हुनेछ ।

**(३क) नेपालमा चिकित्साशास्त्रका मेडिकल वा डेन्टल विषयमा स्नातकोत्तर तह उत्तिर्ण गरेका विदेशी विद्यार्थीले समेत उपनियम (१) बमोजिम दर्ता प्रमाणपत्र परीक्षामा भाग लिन पाउनेछन् ।***

(४) विशेष परीक्षा सम्बन्धी अन्य व्यवस्था काउन्सिलले तोकेबमोजिम हुनेछ ।

* पाँचौं संसोधनबाट थप

**२०७९ असार १५ गतेको निर्णय**

**२. चीनमा अध्ययनरत विद्यार्थीको बाँकी पढाइ अवधि र इन्टर्नसीप**

चीनमा अध्ययनरत २०१६ ब्याचका विद्यार्थीको हकमा निम्नानुसार गर्ने निर्णय भयो

२क) निजहरूलाई अपुग प्रयोगात्मक अभ्यास १ बर्ष तथा एक बर्ष इन्टर्नसीप गरी जम्मा दुइबर्षको चिकित्कीय अभ्यास तथा तलिमको व्यवस्था गर्न उपयुक्तहुने भनि चिकित्सा शिक्षा आयोगमा लेखिपठाउने निर्णय भयो ।

२ख) १ बर्षे अनिवार्य इन्टर्नसीप 'National guidelines for medical internship training 2007' अनुसार वा विश्वविद्यालयले तोकेबमोजिम पुरा गर्नुपर्ने । इन्टर्नसीप भन्दा पहिलेको १ बर्षे अध्ययनको हकमा ४ वटा प्रमुख विषयहरु मेडिसिन, सर्जरी, गाइनेअब्स र पिडियाट्रिक्स समावेश गर्नुपर्ने ।

३ख) अब उप्रान्त कोभिडसंग सम्बन्धित रहेर विदेशमा अध्ययन गरेका विद्यार्थीको नेपालमा अध्ययन अध्यापन गर्ने विषयको सम्बोधन नहुने विषय लेखिपठाउने ।

३ग) चीनमा अध्ययनरत चिकित्सा शिक्षाका बिद्यार्थीहरुको अध्ययन अवधि र प्रमाणपत्र प्राप्त गर्ने समायवधि बारे सम्बन्धित कलेजमा सम्पर्क गरी यथार्थ विवरण बुझेर निजहरूलाई अपुग अध्ययन अवधि एकिन गरेरमात्र अध्ययन सुरुगर्न सूचित गर्ने ।

**३. तोकिएका निर्देशिकाहरूको अनुमोदन**

३. संलग्न निर्देशिकाहरु मुटुको उपचार र good clinical practice लाई स्वीकार गरी लागुगर्नका लागि अनुमति प्रदान गर्ने निर्णय भयो ।

**४ केन्द्रीय अनुसन्धान ब्युरोमा परेको उजुरी र मुद्दा**

४. बंगालादेशमा अध्ययन गर्न जारी ईलिजिबिलीटी प्रमापत्र लिनका लागि प्रयोग भएको शैक्षिक प्रमाणपत्र छानबिनको क्रममा एसएलसीको प्रमाणपत्र नक्कली पेशगरेको भनी केन्द्रीय अनुसन्धान ब्युरो मार्फत अदालतमा मुद्दा चलिरहेको तर अन्तिम फैसला नभएको र अन्य प्रतिवादी उपर कुनै कारवाही नचलेको हुँदा निज दीपेन्द्र गौतमलाई अदालतबाट हुने अन्तिम फैसला बमोजिम हुनेगरी हाललाई नियिमत दर्ता गरिदिने निर्णय भयो ।

**५ विविध**

५क) असल तथा आधिकारिक चिकित्सकीय अभ्यास बारे सर्वसाधारण तथा सरोकारवालाहरुको जानकारीका लागि चेतनामुलक भिडियो सन्देश तयारपारी प्रचारप्रसारमा लैजाने निर्णय भयो ।

५ख) अनधिकृत तथा विनादर्ता कुनै व्यक्तिले चिकित्सकीय अभ्यास रोक्नका लागि आवश्यक प्रशासनिक सहयोग लिई त्यस्ता अभ्यास कडाइकासाथ नियन्त्रण गर्ने निर्णय भयो ।

५ग) फिलिपिन्समा स्नातकोत्तर तहमा अध्ययन गर्न गएका तर अध्ययनपूर्व गरेको सर्तहरु पूरागर्न नसकेका २०१९ ब्याचका विद्यार्थीहरुलाई यस अगाडीको ब्याच सरह कागजपत्र मागगरी दर्ता प्रकृया अगाडी बढाउने निर्णय भयो ।

५घ) फिलिपिन्समा स्नातकोत्तर तहमा अध्ययन गर्न गएका नेपाली विद्यार्थीले सो देशको दर्ता सुनिश्चितता नभएसम्मका लागि अध्ययन अनुपति प्रदान नगर्न चिकित्सा शिक्षा आयोगलाई लेखिपडाउने निर्णय भयो ।

५ङ) विदेशमा अध्ययन गरेका विद्यार्थीले अस्थाई दर्ता प्रमाणपत्रका लागि अनलाइनबाट बुझाएको प्रमाणपत्र र सक्कल प्रमाणपत्रमा रुजु गर्दा विवरणहरु फरक पर्नगइ दर्तागर्ने विषयमा व्यवधान आएकाले अब उप्रान्त दर्ता प्रमाणपत्रका लागि आवेदन दिएको बखत नै सक्कल रुजु गर्ने व्यवस्था गरी त्यस पश्चात मात्र अस्थाई दर्ता प्रमाणपत्र जारी गर्ने निर्णय भयो ।

५च) माननीय गंगा चौधरीले सदनमा काउन्सिलको परीक्षाको बारेमा बोलेको निराधार विषयलाई संसदको रेकर्डबाट हटाउन अनुरोध गरी संसद सचिवालयलाई पत्र लेख्ने निर्णय भयो ।

५च) छात्रबृत्तिमा अध्ययन गरेका चिकित्सकले सरकारी सेवा कबुलियत गरेको अवधिमा असल चारित्रिक प्रमाणपत्र (good standing certificate) माग गरेमा स्वास्थ्य सेवा विभागको सिफारिसमा सेवासर्त तथा कबुलियत उल्लेख गरी सो प्रमाणपत्र प्रदान गर्न सकिने निर्णय भयो ।

५छ) स्नातक तह र स्नातकोत्तर तहमा अध्ययनरत चिकित्सा शास्त्रका विद्यार्थीले काउन्सिलमा बुझाउनु पर्ने दर्ता शुल्क बारे छलफल हुँदा शैक्षिक सत्र २०७८/७९ सम्मको दर्ता शुल्क लिने र आगामी शैक्षिक सत्र सो शुल्क मिनाहा गर्न स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा स्वीकृतिका लागि लेखि पठाउने निर्णय भयो ।

**२०७९ जेठ १६ गतेको निर्णय**

**१. ताकेताका लागि विभिन्न समितिहरूको गठन**

१क) चिकित्सक बाहेक अन्य स्वास्थकर्मी अथवा गैर चिकित्सकले डाक्टर (चिकित्सक) उपाधी प्रयोग र दन्त चिकित्सा, आँखा, रेडियोलोजी, फिजियोथेरापी, लगायतका विषयको सेवा बारे नेपाल स्वास्थ्य व्यवसायि परिषद्संग समन्वय गरी टुंगो लगाउन डा. सन्ध्या चापागाईंको संयोजकत्वामा डा. रुपक धिमिरे, डा. कालुसिंह खत्री र रजिष्ट्रार सदस्य रहेको टोली गठन गरियो ।

१ख) काउन्सिलको मिति २०७९ बैशाख २६ गतेको निर्णय बमोजिम फेलोसिप उपाधीका लागि आवश्यक पाठ्यक्रम, शिक्षकको योग्यता, भौतिक पूर्वाधार लगायतका विषयमा ताकेता गर्न र का लागि डा. विश्वराज दवाडीको संयोजकत्वामा डा. प्रेणितकुमार पोखरेल र डा. कुञ्जाङ्ग शेर्पा सदस्य रहेको टोली गठन गरी १० दिन भित्र तयारी खेश्रा तयार पारी पूर्णबैठकमा पेशगर्ने निर्णय भयो ।

१ग) योग्यता प्रमाणपत्र (इलिजिविलिटी) का बाँकी काम सम्पन्न गर्न आवश्यक मापदण्ड तयार पारी काम अगाडी बढाउनका लागि शिक्षा तथा सीपीडी समिति र दर्ता समितिलाई निर्देशन दिने निर्णय भयो ।

३. २०७९ जेठ १२, १३ र १४ गते सम्पन्न ६३औं चिकित्सक दर्ता प्रमाणपत्र परीक्षामा अमर्यादित कृयाकलापमा गर्ने सुनिमा बस्नेतलाई काउन्सिल परीक्षा निर्देशिका २०७८ मा भएको व्यवस्था बमोजिम निजको यो परीक्षा रद्धगरी आगामी एक परीक्षामा सहभागी हुनबाट बञ्चित गराउन परीक्षा समितिबाट सिफारिस भै आएकोले सोही बमोजिम कारबाही गर्ने निर्णय भयो ।

**४. उपचार निर्देशिका**

४. नेपाल स्वास्थ्य व्यवसायि परिषद्संगको सहकार्यमा छालारोग, रेडियोलोजी, दन्त चिकित्सा, आँखा लगायत अन्य विशिष्ठ सेवा प्रदान गर्ने स्वास्थ्य व्यवसायि तथा चिकित्सकहरुको उपाधि, तालीम तथा उपचार निर्देशिका तयार पार्नका लागि शिक्षा तथा सीपीडी समितिलाई निर्देशन गर्ने र काउन्सिलको पूर्णबैठकबाट पारित भएपछि लागु गर्ने निर्णय भयो ।

**५. कार्यस्थलमा यौन हिंसा**

५. कार्यस्थलमा यौन हिंसामा सुन्य सहनशिलता कायम राख्नका लागि अस्पताल, क्लिनिक तथा शिक्षण संस्थालाई यौन हिंसा रोक्नका लागि ठोस कार्यविधी तयार पारी लागुगर्नका लागि सरोकारवाला सबैलाई लेखिपठाउने निर्णय भयो ।

**२०७९ बैशाख २६ गतेको निर्णय**

नेपाल मेडिकल काउन्सिलको २०७९ सालको **पहिलो पूर्णबैठक** मिति **२०७९ बैशाख २६ गते** काउन्सिलका अध्यक्ष डा. भगवान कोईरालाको अध्यक्षतामा र देहायका सदस्यज्यूहरुको उपस्थितिमा बसी निम्न बमोजिमको निर्णय गरियो ।

**१. व्यवसायिक आचरण छानविन विज्ञ भत्ता, बकपत्रको दिनको भत्ता र अभिमुखिकरण**

१. व्यवसायिक अचरण तथा स्वास्थ्य समितिको सिफारिसमा अदालती काममा खटिइजाने विज्ञलाई अन्य विज्ञले पाउने बराबरको भत्ता सुविधा, यातायात तथा अभिमुखिकरण प्रदान गर्ने नर्णय भयो ।

**३. लाइसेन्सको प्रयोगात्मक परीक्षा विधि र त्यसको पाठ्यक्रम**

३. लाइसेन्सको प्रयोगात्मक परीक्षाको विधि र सोको कार्यान्वयनका लागि विज्ञ टोलीले तयार पारेको पाठ्यक्रममा आधारित रहेर सरोकारवाला सहितको कार्यशाला गोष्ठी गरी अन्तिम रुप दिने निर्णय भयो ।

**४. शिक्षा तथा सीपीडी समितिको प्रगति विवरण**

४. २०७८ फागुन २६ गते नेपाल राजपत्रमा प्रकाशित नेपाल मेडिकल काउन्सिल नियमावली २०२४ को पाचौँ संशोधनले नियम २२ उपनियम (ट)(१) मा “काउन्सिलले तोकेबमोजिमको निरन्तर व्यवसायिक प्रक्रिया पूरा गर्नुपर्ने” थप भई आएको हुँदा निरन्तर व्यवसायिक विकास (continuous professional development-CPD) कार्यक्रमको व्यवस्थापन गर्न निम्नानुसार निर्णय भयो ।

४क) शिक्षा तथा निरन्तर व्यवसायिक विकास (CPD) समितिले तयार गरेको निर्देशिका अनुमोदन गरी उक्त निर्देशिकालाई सरोकारवाला सहितको कार्यशाला गोष्ठी मार्फत सार्वजनिकिकरण गर्ने । अन्तरकृयाका लागि सरोकारवाला मन्त्रालय, विश्वविद्यालय, प्रतिष्ठान, मेडिकल कलेज, सरकारी अस्पताल, विषयविज्ञ संगठन तथा तिनका प्रतिनिधी लगायतलाई आमन्त्रण गर्ने ।

४ख) काउन्सिल सीपीडीका अनिवार्य विषयको प्रशिक्षक तालिम (training of trainers) लिन बाँकी कार्यकारी सदस्यहरु र अन्य प्रशिक्षकको तालिमका लागि वार्षिक तालिका तयार पारी तालिम सञ्चालन गर्ने ।

४ग) काउन्सिल सीपीडीका अनिवार्य विषयहरुको तालिमलाई चिकित्सकको पहुँचयोग्य बनाउन अनलाईन कोर्षका लागि आवश्यक सफ्टवेर निर्माण गर्ने । यसका साथै भौतिकरुपमा दिइने तालिम जस्तै कार्डियोपल्मोनरी रिससिटेशन, लगायतका सीप विकासका लागि विश्वविद्यालय, प्रतिष्ठान, मेडिकल कलेज, सरकारी अस्पताल लगायतका संस्थामा सञ्चालन भईरहेका तालिमलाई प्रमाणिकरण र मान्यता दिने ।

४घ) माथि उल्लेखित योजना कार्यान्वनयनका लागि आवश्यक भत्ता, भ्रमण खर्च, सामान खरिद तथा सफ्टवेयर निर्माण गर्न बजेट प्रस्ताव गर्ने ।

**५. फेलोसीप मान्यता**

५. हाल कार्यान्वयनमा रहेको फेलोसिप व्यवस्थालाई निम्नानुसार थपगरी अध्यावधिक गर्ने ।

क) शैक्षिक उपाधि वाहेकका फेलासिप तालिमलाई सम्बन्धित देशको नियमन निकाय वा काउन्सिलको स्वीकृति प्राप्त हुनुपर्ने र यसलाई नेमे काउन्सिलबाट पूर्वस्वीकृति लिइरहनु नपर्ने तर नेपालमा पहिलो पटक सुरु गर्नलागिएको कार्यक्रमका लागि तालिम दिने संस्थाले विषय र संख्या खोली काउन्सिलको पूर्वस्वीकृति लिनुपर्ने ।

ख) फेलोसिप सञ्चालन गर्न पूर्वस्वीकृती माग गर्दा काउन्सिलबाट निरिक्षण गर्न सकिने ।

ग) प्रयोगात्मक तालिम प्रयोजनका लागि कुनै विदेशी चिकित्सक समावेस हुनेभएमा विदेशी चिकित्सक दर्ता प्रावधान लागु हुने ।

घ) स्नातकोत्तर तहको मुलविषय वा विधासंग सम्बन्धित विषयमा मात्र फेलोसिप कार्यक्रम सञ्चालन अनुमति दिने र सम्बन्धित विषयमा मात्र फेलोसिप तालिम मान्न सकिने ।

**६. स्नातकोत्तर तहको अध्ययन अवधिको कार्यदिन र सुविधा**

६. स्नातकोत्तर तहको अध्ययन अवधिमा गर्नुपर्ने सेवा, सर्त तथा सुविधा बारे निम्ननुसार हुन उपयुक्त हुने भनि चिकित्सा शिक्षा आयोगमा लेखिपठाउने निर्णय भयो ।

क) स्नातकोत्तर तहको अध्ययन अवधिमा शिक्षण शुल्क, काममा खटिनुपर्न समय र पारिश्रमिक प्रचलित ऐन नियम र अन्तराट्रिय अभ्यास तथा प्रचलन हेरी नियमन गर्न उपयुक्त हुने ।

ख) शैक्षिक ऋणको व्यवस्था प्रचलित ऐन नियममा उल्लेख भएबमोजिम गर्न आयोग तथा शिक्षा मन्त्रालयलाई अनुरोध गर्ने ।

ग) निजि शैक्षिक संस्थामार्फत प्रदान गरिने चिकित्सा विज्ञानको स्नातकोत्तर तहको शुल्क तथा तालिमेले पाउने पारिश्रमिकमा एकरुपता कायम गर्न उपयुक्त हुने भएकाले नेशनल बोर्ड अफ मेडिकल स्पेसियालिटिज र एमडी/एमएस कार्यक्रमको शुल्क लगायतका विषयमा एकरुपता कायम गर्न चिकित्सा शिक्षा आयोगलाई अनुरोध गर्ने ।

**७. असल चिकित्सकीय अभ्यास र अस्पताल अनुगमन**

७. असल चिकित्सकीय अभ्यास र अस्पताल अनुगमनका लागि तयार पारिएको रिपोर्ट उपर छलफल हुँदा हाल प्रचलनमा रहेको दस्तावेजलाई शिक्षा तथा सीपीडी र व्यवसायिक आचरण तथा स्वास्थ्य समितिले संयुक्त अध्ययनगरी सोको प्रतिवेदन आगामी बैठकमा पेशगर्न निर्देशन दिने निर्णय भयो ।

**२०७८ चैत्र ७ गतेको निर्णय**

**३. परीक्षाको पाठ्यक्रम र विदेशी विद्यार्थीको लाइसेन्स परीक्षा**

३. सैद्धान्तिक र व्यवहारिक लाइसेन्स परीक्षाको प्रयोजनका लागि हाल प्रचलनमा भएको पाठ्यक्रमहरुको अध्ययन गरी चिकित्सा शिक्षा आयोग समेतको सहभागितामा पाठ्यक्रम निर्माण गर्ने र सोही बमोजिम लागु गर्ने निर्णय भयो । नेपाल मेडिकल काउन्सिल (पाँचौं संसोधन) नियमावली, २०७८ बमोजिम प्रतिकुल नहुने गरी नेपालमा अध्ययन पूरा गरेका स्नातक तथा स्नातकोत्तर तहका विदेशी विद्यार्थीको लाइसेन्स परीक्षा कार्यविधि तोकी सो परीक्षा लिन सकिने निर्णय भयो ।

**७. फौजदारी समितिको कार्यालय**

७. फौजदारी समितिको कार्यालय र सोको व्यवस्थापन हालसम्म यस काउन्सिलले व्यवस्थापन गरिआएकोमा बैठक बस्न र कर्मचारी व्यवस्थापनमा व्यवधान हुनेभएकाले सो कार्यालय स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा सार्ने पत्र लेखिएको र सोहि बमोजिम गर्ने निर्णय भयो ।

**२०७८ फागुन २ गतेको निर्णय**

**२. सम्बन्धन प्राप्त मेडिकल कलेजमा विदेशीको इलेक्टिभ पोष्टिङ्ग**

२. विदेशका कलेज तथा विश्वविद्यालयमा अध्ययन गरीरहेका विदेशी नागरिकले नेपालमा नियामक निकायको पूर्वस्वीकृतिमा मात्र इन्टर्नसीप लगायतका तालिम गर्नगराउन सकिने व्यहोरा स्मरण गरियो । अन्तर्राष्ट्रिय मान्यता र प्रचलन अनुसार विरामीको उपचारमा प्रत्यक्ष संलग्न नहुनेगरी अधिकतम तीन महिनाको इलेक्टिभ पोष्टिंगलाई विश्वविद्यालय र नियामक निकायको पूर्वस्वीकृतिमा अनुमति दिन सकिने तर सो भन्दा लामो अवधिको तालिम, अब्जरभेशन र इन्टर्नसीपलाई अनुमति दिन नसकिने निर्णय भयो ।

**५. आचारसंहितासंग सम्बन्धित कागजपत्र**

५. आचारसंहिता विपिरत कार्य वा उपचारमा लापरवाही भएक विषयमा उजुरीको छानविन गर्ने क्रममा सम्बन्धित अस्पताल, निकाय तथा व्यक्तिले छानविनका लागि आवश्यक कागजात तथा रेकर्डहरु लामो समयसम्म पनि नपठाउँदा अनुसन्धान प्रकृया लम्बिने र अवरोध हुने भएकाले काउन्सिलले माग गरेको कागजात तथा रेकर्डहरु सम्बन्धित निकाय वा व्यक्तिले जानकारी पाएको नब्बे दिन भित्र नपठाएमा वा सम्बोधन नगरेमा एकतर्फी सुनुवाई गरी निर्णय लिनसकिने निर्णय भयो । यसका साथै विरामीको उपचारसंग सम्बन्धित कागजातहरु पाँच बर्षसम्म सुरक्षित राख्नुपर्ने विषय सुचित गर्ने निर्णय भयो । यसको जानकारी सार्वजनिक सूचना मार्फत सम्वन्धित सबैलाई गराउने निर्णय भयो ।

**६. विविध**

६क. परीक्षाको गोपनियता तथा सुरक्षा कायम राख्नका लागि परीक्षा शाखाका लागि छुट्टै आइपी ठेगाना भएको इन्टरनेट जडान गर्ने निर्णय भयो ।

६ख. परीक्षामा संलग्न विज्ञको पारिश्रमिक अध्ययन गरी नयाँ पारिश्रमिक दर कायम गर्नका लागि परीक्षा समितिलाई अध्ययन गरी आगामी बैठकमा पेश गर्न निर्देशन दिने निर्णय भयो ।

६ग. कम्प्युटरमा आधारित परीक्षामा भिडियो समेत राखि प्रश्न सोध्न सकिने व्यवस्था र परीक्षा हलमा सीसीटिभीको व्यवस्था मिलाउन इन्जिनियरिंग अध्ययन संस्थानलाई अनुरोध गर्ने निर्णय भयो ।

६घ. लाइसेन्स परीक्षामा सहभागी हुन चाहने परीक्षार्थीलाई फारम भर्दा भएको गल्ती सच्याउनका फारम भर्ने अन्तिम मिति पश्चात ७२ घंटाको समयसीमा प्रदान गर्ने निर्णय भयो ।

६ङ. काउन्सिलबाट इलिजिविलिटी प्रमाणपत्र लिंदाका बखत अध्ययन गर्न अनुमति मागेको विषय र काउन्सिलबाट अनुमति दिइएको विषय फरक पर्न गएको भए त्यस्ता चिकित्सकलाई अध्ययन गरेर आएको विषय

(विश्वविद्यायबाट प्राप्त शैक्षिक उपाधी) लाई नै आधारमानी परीक्षा लिने र दर्ता प्रकृया अगाडी बढाउने निर्णय भयो ।

**२०७८ माघ ५ गतेको निर्णय**

**३. काउन्सिलमा भएको चिकित्सकको फोन र इमेलको प्रयोग**

३. यस सम्बन्धमा छलफल हुँदा सूचना, शिक्षा तथा तालिमको प्रयोजनका लागि मात्र हुनेगरी सरकारी निकाय वा कुनै चिकित्सा विधासंग सम्बन्धित आधिकारीक व्यवसायिक संस्थालाई प्रयोजन खुलाई नेपाल मेडिकल काउन्सिलमा दर्ताभएका चिकित्सकहरूको नाम, दर्ता नम्बर, दर्ताको प्रकार, योग्यता, विज्ञता, इमेल र सम्पर्क नम्बर उपलब्ध गराउन सकिने निर्णय भयो ।

**२०७८ पुष २ गतेको निर्णय**

**१. काउन्सिलका निवर्तमान पदाधिकारीको बिदाई**

१. नेपाल मेडिकल काउन्सिलमा २०७४ देखि २०७८ कार्यकाल पूरा गरेका पूर्वपदाधिकारीहरूलाई प्रसंसापत्र सहित उज्वल भविश्यको कामान सहित हार्दिक बिदाई गरियो ।

**२. निर्वाचन परिणाम प्रतिवेदन**

२. नेपाल मेडिकल काउन्सिल पदाधिकारी निर्वाचन प्रयोजनका लागि डा. गणेश राई संयोजक, डा. मधुसुदन पुन सदस्य र डा. मनोज हुमागाईं सदस्य रहेको एक निर्वाचन समितिले उपत्यका बाहिर २०७८ मंसिर ३ र ४ गते र उपत्यका र धुलिखेल केन्द्रमा २०७८ मंसिर १० र ११ गते सम्पन्न भएको निर्वाचन परिणाम निम्नानुसार भएको जानकारी भयो ।

| | **उपाध्यक्ष** | **प्राप्त मत** | **कैफियत** |
|---|---|---|---|
| १ | डा. शिवजी पौडेल | ५०७२ | बिजयी |
| | | | |
| | **सदस्यहरु** | **प्राप्त मत** | **कैफियत** |
| १ | डा. हुलास अग्रवाल | ४४५९ | बिजयी |
| २ | डा. तोसिमा कार्की | ३९९९ | बिजयी |
| ३ | डा. कालु सिहं खत्री | ३४९० | बिजयी |
| ४ | डा. कुञ्जन शेर्पा | ३३५३ | बिजयी |
| ५ | डा. गुरु शरण साह | ३३३१ | बिजयी |
| ६ | डा. रुपक बि.क. घिमिरे | २७७६ | बिजयी |
| ७ | डा. विश्वराज दवाडी | २६७२ | बिजयी |
| ८ | डा. रोहित कुमार मिश्र | २३८४ | बिजयी |

निर्वाचन सम्पन्न गर्नका लागि २०७८ भाद्र ९ गतेको पूर्ण बैठकले गठन गरेको निर्वाचन समितिले निर्वाचनलाई उपत्यका बाहिर १८ वटा निर्वाचन केन्द्र र उपत्यकाभित्र एवं धुलिखेल समेत गरि ३ वटा निर्वाचन केन्द्र तोकी सफलतापूर्वक निर्वाचन सम्पन्न गरेकोमा काउन्सिलको तर्फबाट निर्वाचन समितिका पदाधिकारीहरु एवं निर्वाचनसँग सम्बन्धित भई कार्य गर्ने सबैलाई हार्दिक धन्यवाद व्यक्त गरियो ।

**३. नवनिर्वाचित पदाधिकारीको स्वागत तथा सपथ ग्रहण**

३. नवनिर्वाचित पदाधिकारीहरुलाई नेपाल मेडिकल काउन्सिलमा हार्दिक स्वागत सहित काउन्सिलका अध्यक्षबाट पद तथा, अनुशासन, गोपनियता र स्वार्थको द्वन्द नबाझिने व्यहोराको सपथ गराई दशौं पूर्ण बैठकमा सहभागिताका लागि आमन्त्रण गर्नु भयो ।

**४. असल चिकित्सकीय अभ्यास कार्यविधी**

४. नेपाल मेडिकल काउन्सिलको असल चिकित्सकीय अभ्यास कार्यविधी तयार पार्नका लागि आचारसंहिता तथा स्वास्थ्य समितिलाई आगामी बैठकमा पेश गर्नका लागि निर्देशन दिने निर्णय भयो ।

**६. मेडिकल र डेण्टल कलेजबाट बुझाउनु पर्ने दस्तुर**

६. विभिन्न मेडिकल र डेण्टल कलेजले विद्यार्थी भर्ना भएबापतको शुल्क लामो समय देखि अटेरगरी नबुझाएको हुँदा शुल्क बुझाउनका लागि ताकेता गर्ने र अटेर गरेमा काउन्सिलबाट प्रदान गरिने सेवा बन्द गर्ने निर्णय भयो ।

**७. मान्यता बारे**

७क. नेपाल मेडिकल काउन्सिलको मिति २०७८ भाद्र ९ को निर्णय नं. ७ बमोजिम फिलिपिन्समा स्नातकोत्तर तहको अध्ययन पूरा गरेका चिकित्सकहरूको अध्ययन बारे सम्बन्धित देशको आधिकारिक निकायबाट पत्र प्राप्त भएकाले नियमानुसार दर्ता प्रकृया अगाडी बढाउने प्रयोजनका लागि निजहरूको रोकिएको परीक्षा नतिजा प्रकाशन गरी उत्तिर्णलाई नियमानुसार दर्ता गरिदिने निर्णय भयो ।

७ख. नेपाल स्थित भारतीय दुतावासबाट लेखिआए बमोजिम चिकित्सा शास्त्रको स्नातक तहमा भर्नाका लागि लिइएएको कम्पेक्स छात्रबृत्ति परीक्षा (COMPEX Scholarship Examination) लाई भारत सरकारको राष्ट्रिय स्तरको परीक्षाको मान्यता दिने निर्णय भयो ।

**८. चीन लगायत विदेशी विश्विवद्यालयमा अध्ययन गरेका तर अध्ययन पूरा नभै नेपाल आएका विद्यार्थीको मान्यता**

८. यस विषयमा छलफल हुँदा चिकित्सा शास्त्रको अध्ययन मान्यता प्रचलित ऐनकानुन बमोजिम चिकित्सा शिक्षा आयोगको कार्यक्षेत्रमा परेको स्मरण गरियो । यस सम्बन्धमा प्रधानमन्त्री कार्यालय, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, स्वास्थ्य मन्त्रालय, त्रिभुवन विश्वविद्यालय, काठमाडौं विश्विवद्यालय, चिकित्सा शिक्षा आयोग, नेपाल मेडिकल काउन्सिल, नेपाल चिकित्सक संघ लगायत सरोकारवाला निकायको बिभिन्न मितिमा भएको बैठकको निर्णय शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री मार्फत मन्त्रीपरिषद्मा पेशगरी निर्णय लिन उपयुक्त हुने सिफारिस कार्यान्वयमा रहेको हुँदा सोही निकायबाट निर्णय हुन र सो निर्णय तत् तत् निकायबाट कार्यान्वयन हुन उपयुक्त हुने निर्णय भयो ।

यसका साथै काउन्सिलको पूर्वनिर्णय तथा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयमा भएको सर्वपक्षीय निर्णयका आधारमा निजहरूको शैक्षिक अध्ययन पूरा भएको र समकक्षतामा कुनै बाधा नपर्ने ब्यहोरा खोली इन्टर्नसिपका लागि आवश्यक परीक्षण दर्ताका लागि लेखि आएमा काउन्सिल दर्ता गर्न कुनै बाधा नपुग्ने जानकारी गराउने निर्णय भयो ।

**२०७८ मंसिर ५ गतेको निर्णय**

**१. तथ्यांक तथा सूचनाको गोपनियता तथा प्रयोग**

हालै केही अनलाइन पत्रिका तथा सामाजिक संजालमा नेपाल मेडिकल काउन्सिलले प्रयोग गर्ने गरेको एसएमएस प्रणालीबाट हजारौं व्यक्तिहरुलाई काउन्सिलका (पूर्व)पदाधिकारी संलग्न भै व्यक्तिगत प्रकृतिका सूचना (म्यासेज) गएको भन्ने व्यहोरा सार्वजनिक भएको सन्दर्भमा सिरान टेक्नोलोजीसंग गरेको संझौता र

विगतमा सोही कम्पनीको एसएमएस प्रणाली मार्फत चिकित्सकहरूलाई सन्देश पठाएको विषयमा केकसो भएको हो यसबारे निम्नानुसार गर्ने निर्णय भयो ।

१(क) यस सम्दर्भमा के कसो भएको हो सत्यतथ्य पत्ता लगाउन लागि इन्जिनियरिङ्ग अध्ययन संस्थानको सुचना प्रविधि केन्द्रलाई निम्नलिखित विषय समेत हेर्नेगरी अनुरोध गर्ने-

क. नेपाल मेडिकल काउन्सिलको एसएमएस म्यासेज तथा सूचना प्रवाहमा प्रयोग भएको नम्बर ३७८८८ नेमेकाको लागि मात्र थियो वा अन्य प्रयोजनका लागि समेत प्रयोग भएको थियो?

ख. चिकित्सकहरूको गोप्य रहने भनिएको विवरण कहिले र के प्रयोजनका लागि दिइएको थियो? सो कार्य कम्पनीसंग भएको संझौता बमोजिम भएको थियो थिएन?

ग. व्यक्तिगत फोन नम्बरहरु नेमेकाको आधिकारी कार्य बाहेक अन्य प्रयोजनमा प्रयोग गर्न कसैले अनुमति दिएको थियो थिएन? आदेश दिनेको लिखित वा डिजटल आदेश छ वा छैन?

घ. सम्झौता गरिएको कम्पनीबाट ने.मे.का.का डाटा (सूचना) लाई गोपनियत सहित सुरक्षित राख्न र सार्वजनिक हुन नदिन के कस्ता प्रावधान लागु गर्नु पर्दछ?

ङ. सूचना तथा तथ्यांकको सुरक्षाको दीर्घकालीन उपाय के कसो गर्नु गराउनु पर्दछ?

१(ख) सिरान टेक्नोलोजी प्रालिसंगको संझौताको दफा ६ मा भएको व्यवस्था बमोजिम गोपनियता भंग भएको पाइएमा संझौता बमोजिमको प्रकृया अवलम्बन गरी कानुनी उपचार गर्ने ।

१(ग) नेपाल मेडिकल काउन्सिलमा रहने दर्तावाल चिकित्सकका व्यक्तिगत विवरणको गोपनियता कायम राख्न पदाधिकारी तथा कर्मचारीहरु पदमा रहँदा वा नरहँदा पालना गर्नुपर्ने अचारसंहिता सहित दीर्घकालीन प्राविधिक तथा प्रशासनिक व्यवस्था सहितको एक कार्यविधि तयार पारी कडाइका साथ लागु गर्ने ।

**२०७८ मंसिर १ गतेको निर्णय**

**२. चिकित्सक दर्ता सीप परीक्षण परीक्षा**

२. नेपाल मेडिकल काउन्सिलले निकट भविश्यमा सञ्चालन गर्नलागेको सीप परीक्षण परीक्षाको तयारी अपुग भएकले आवश्यक पूर्वाधार तयगरी आगामी (यो परीक्षा पछाडी) परीक्षाबाट सीप परीक्षण समेत समाबेश गरी दर्ता प्रमाणपत्र परीक्षा लिने निर्णय भयो ।

४. नेपाल मेडिकल काउन्सिलको मिति २०७८ भाद्र ९ को निर्णय नं. ७ बमोजिम फिलिपिन्समा स्नातकोत्तर तहको अध्ययन पूरा गरेका चिकित्सकहरूको अध्ययन बारे सम्बन्धित देशको आधिकारिक निकायबाट पत्र प्राप्त भएकाले नियमानुसार दर्ता प्रकृया अगाडी बढाउने निर्णय भयो ।

**२०७८ कार्तिक ८ गतेको निर्णय**

**४. बाझिएका ऐन बारे**

४. चिकित्सा पेशा तथा व्यवहार सम्बन्धि बाझिएका ऐन बारे काउन्सिलबाट कानुन व्यवसायिको सहयोगमा तयार पारिएको प्रतिवेदन आवश्यक परिमार्जन सहित कार्यान्वयनका लागि सम्बन्धित निकायमा लेखिपठाउने निर्णय भयो ।

**५. सूचना सम्प्रेशण**

५. काउन्सिलबाट विगतमा भएका निर्णय, सम्पन्न भएका कामहरु तथा चुनाव सम्बन्धि विषयमा यथोचित सूचना सम्प्रेशण गर्न प्रवक्तालाई जिम्मा दिने निर्णय भयो ।

**६. काउन्सिलको प्यान नम्बर**

६. काउन्सिलको प्यान नम्बर लिनुपर्ने कानुनी व्यवस्था अनुसार प्यान नम्बर तथा विथहोल्डिंग प्यान, करको दायराबाट उन्मुक्ति प्रमाणपत्र लिने निर्णय भयो ।

**७. शैक्षिक उपाधि**

७. फेलोसिप तालिमको मान्यता, प्रमाणपत्र, एमसीएच उपाधीको मान्यता, विश्विवद्यालयको उपाधी अनुसारको परीक्षा र प्रमाणपत्र प्रदान बारे निर्देशिका बनाइ पेशगर्न शिक्षा तथा सीपीडी समितिलाई जिम्मा दिने निर्णय भयो ।

**२०७८ भदौ २८ गतेको निर्णय**

**प्रस्ताव तथा निर्णयहरू**

**२. २०६८ फागुन २३ को निर्णय र विशेषज्ञ उपाधि दर्ता**

२. नेपाल मेडिकल काउन्सिलको मिति २०६८ फागुण २३ गते बसेको पूर्णबैठकले गरेको निर्णय 'एमबीबीएस अध्ययन पछि सोझै सुपरस्पेसियालिटी विषयमा अध्ययन गर्न जाँदा यस्तो अध्ययनको अवधि कम्तीमा ५ बर्षको हुनुपर्ने जसमध्ये सोही विषयको सम्बन्धित अधारभूत (बेसिक) विषयमा (इन्टर्नल मेडिसिन, जनरल सर्जरी आदिमा) कम्तिमा दुइ बर्षको अध्ययन हुनुपर्ने र पूरै अध्ययन उही कलेल विश्वविद्यालयमा हुनुपर्ने सो सम्बन्धि सूचना पत्रपत्रिकामा प्रकाशन गरी सम्बन्धित सबैलाई जानकारी गराउने' का आधारमा तीन बर्षको सुपरस्पेसियालिटी गरेर आउने चिकित्सकलाई आधारभूत विषयमा दर्ता गरिरहेको स्मरण गरियो । यसै निर्णयका आधारमा सम्बन्धमा छलफल हुँदा २०७८ भाद्र १८ गते शुक्रबार सञ्चालन गरेको बिशेष परीक्षामा सामेल भएका केही चिकित्सकको परीक्षाफल स्थगित गरिएकोमा फुकुवा गर्ने तथा विश्वविद्यालयबाट प्राप्त स्नातकोत्तर तहको उपाधिका आधारमा दर्ता गर्ने र यस अगाडी भएगरेका यसै प्रकृतिका विषयलाई समेत सम्बोधन गर्ने निर्णय भयो ।

**३. एमबीबीएस र बीडीएस भर्नाको सर्त**

३. नेपाल मेडिकल काउन्सिलको मिति २०६८ आषाढ ३ को सार्वजनिक सूचना र २०६८ श्रावण १० गते बसेको पूर्णबैठकको प्रष्टिकरणले एमबीबीएस र बीडीएस अध्ययनका लागि विज्ञान विषयको प्रमाणपत्र तह वा दशजोड दुइमा बायोलोजी विषय लिइ पचास प्रतिशत अंकका साथै फिजिक्स, केमेष्ट्री र बायोलोजी प्रत्येक विषयमा समेत पचास प्रतिशत अंक प्राप्त गरेको हुनुपर्ने प्रावधान राखिएको आधारमा सो बमोजिमको अंक नपुग्ने विद्यार्थीलाई अध्ययनमा रोक लगाइएकोमा विभिन्न शैक्षिक सत्रमा नेपालका विश्विवद्यालयमा प्रमाणपत्र तह वा दशजोड दुइमा बायोलोजी विषय लिइ पचास प्रतिशत अंकका आधारमा लिइएको भर्नालाई दर्ता गरिएको, सर्वोच्च अदालतको मिति २०७६।११।३० को आदेशका आधारमा चितवन मेडिकल कलेजबाट एमबीबीएस उत्तिर्ण विद्यार्थी प्रतिमा बानियाको दर्ता गरिएको र चिकित्सा शिक्षा आयोगले लिएको साझा प्रवेश परीक्षामा समेत प्रमाणपत्र तह वा दशजोड दुइमा बायोलोजी विषय लिइ न्युनतम पचास प्रतिशत अंक ल्याई उत्तिर्ण विद्यार्थीलाई अध्ययन अनुमति दिएको सन्दर्भमा यस विषयलाई परिमार्जन गर्न उपयुक्त ठहरगरी चिकित्सा शिक्षा आयोगले तयगरेको मापदण्ड पूरागरेकालाई दर्ताका लागि न्युनतम योग्यता पुगेको मानि दर्ता गर्ने निर्णय भयो ।

**५. चिकित्सक उपाधिको प्रयोग**

५. बिरामीको उपचारमा संलग्न हुने स्वास्थ्यकर्मीको उपाधि र योग्यता बारे बेलाबेलामा प्रश्न उठिरहने सन्दर्भमा कुनकुन स्वास्थ्यकर्मीले आफ्नो नामको अगाडि डा. (डाक्टर) के, कुन आधारमा लेख्ने भन्ने विषयमा निम्नानुसार निर्णय हुन उपयुक्त हुने निर्णय भयो ।

क. नेपाल मेडिकल काउन्सिल ऐन, २०२० को दफा २ को परिभाषा (घ) मा "चिकित्सक" भन्नाले मान्यता प्राप्त शिक्षण संस्थाबाट आधुनिक चिकित्सा प्रणाली अन्तर्गत चिकित्सा शास्त्रमा स्नातकोपाधि प्राप्त गरी सो सम्बन्धी व्यवसायमा लागेको व्यक्ति सम्झनु पर्छ, भन्ने उल्लेख छ । सोही ऐनको दफा २ को परिभाषाः (घ१) मा "विशेषज्ञ चिकित्सक" भन्नाले सम्बन्धित विषयमा मान्यता प्राप्त शिक्षण संस्थाबाट स्नातकोत्तर उपाधी डिग्री, डिप्लोमा प्राप्त गरेको एवं तोकिएबमोजिमको विशेषज्ञ तालिम प्राप्त गरी सम्बन्धित व्यवसायमा लागेको चिकित्सक सम्झनु पर्छ भन्ने व्यवस्था छ । यसै गरी नेपाल मेडिकल काउन्सिल ऐन,

२०२० को दफा २७ (१) मा कुनै व्यक्तिले आधुनिक औषधि सम्बन्धी चिकित्साको काम गर्ने हतुले आफूले नपाएको आधुनिक औषधि सम्बन्धी डिग्री, डिप्लोमा, सर्टिफिकेट, लाइसेन्स वा उपाधि आफ्नो नामसँग जोडी लेख्न वा लेख्न लगाउन हुँदैन भन्ने व्यवस्था रहेको छ ।

ख. आधुनिक चिकित्साको स्नातक तह र सोभन्दा माथिल्लो तहको अध्ययन पूरा गरेको ब्यक्तिलाई विश्वविद्यालयबाट प्रदान गरिने उपाधिमा चिकित्सक वा डाक्टर भनी उपाधि दिईएको हुन्छ ।

ग. चिकित्सा शास्त्रमा स्नातक उपाधि हासिल गरी नेपाल मेडिकल काउन्सिलमा प्रक्रिया बमोजिम चिकित्सकको रुपमा नाम दर्ता भएपछि त्यस्तो व्यक्तिको नामको अगाडी चिकित्सक वा डाक्टर उपाधी सहित लाइसेन्स प्रमाणपत्र प्रदान गरिएको हुन्छ ।

घ. सम्बन्धित काउन्सिल वा परिषद्बाट प्रदान गरिने दर्तामा चिकित्सकको उपाधि नभएका व्यक्तिले सो उपाधि प्रयोग गर्नु गैरकानुनी हुने ठहर्छ ।

ङ. माथि उल्लेखित व्यवस्था अनुसार चिकित्सकको परिभाषा प्रष्ट खुलाइएको तथा चिकित्सक शब्दलाई अंग्रेजीमा डाक्टर सम्बोधन गर्ने गरिएको व्यहोरा विदितै छ । यो सूचनाको सन्दर्भ सामाग्रीको रुपमा नेपाल मेडिकल काउन्सिल ऐन, २०२० मा भएको व्यवस्थाहरु लागु हुन बान्छनीय हुनाले सोहीबमोजिमको सुचना जारी गर्ने ।

**२०७८ भदौ ९ गतेको निर्णय**

**३. सीपमा आधारित स्नातक तहको परीक्षा तथा पाठ्यक्रम**

३. नेपाल मेडिकल काउन्सिल नियमावली २०२४ को नियम २०(ङ) को (२) क र ख बमोजिम अब उप्रान्त स्नातक तहको दर्ता परीक्षामा सीपमा आधारित प्रयोगात्मक परीक्षा समेत समावेस गर्ने निर्णय भयो । सोका लागि आवश्यक पाठ्यक्रम, न्युनतम शीपहरुको सूचि तथा मुल्यांकन विधि प्रकृयाहरु तय गर्न परीक्षा समितिलाई जिम्मा दिने निर्णय भयो ।

**६. सूचनाको हक सम्वन्धि जारी गर्न मिल्ने सूचना**

६. सूचनाको हक अन्तर्गत काउन्सिलमा सूचना माग भै आउँदा जारी गर्न मिल्ने सूचनाको सूचि बारे छलफल हुँदा कानुनले तोकेको बाहेक गुनासोकर्ताको व्यक्तिगत विवरण, तथा परीक्षा सम्बन्धी प्रकृयागत सूचनाहरु सार्बजनिक नगर्ने निर्णय भयो ।

**७. बिदेशबाट अध्ययन पूरागरेर आएकाको मान्यता**

७. बिदेशबाट अध्ययन पूरागरेर आएका चिकित्सकको मान्यताका लागि चिकित्सा शिक्षा आयोगबाट समकक्षता लिई आउनु पर्ने निर्णय भएकोमा २०७४ मा निर्णय भै प्रकाशित सूचनामा निम्नानुसारको संसोधन गर्ने निर्णय भयो - ....... सम्वन्धित देशको बोर्ड पछि ' वा आधिकारिक निकाय' थप्ने निर्णय भयो ।

**१०. व्यवसायिक व्यवहार तथा आचरण**

१०. भुलबस हुने वा त्रुटीपूर्ण चिकित्सकीय व्यवहार कतिपय अवस्थामा अपरिहार्य कृया बन्न पुग्दछ जुन विषय पूर्वसावधानी अपनाउँदा उल्लेख्य मात्रामा काम गर्न सकिए पनि निमिट्यान्न पार्न कठिन छ । नियतबस गरिएका गल्तिहरुलाई फौजदारी कानुनले समेट्ने भएतापनि भुल बस हुने त्रुटीपूर्ण चिकित्सकीय व्यवहारलाई फौजदारी कानुन अन्तर्गत कारबाहि गर्न नमिल्ने हुन्छ । यसको अलावा भुल बस हुने त्रुटीपूर्ण व्यवहारका कारण पीडित बिरामीलाई भने यसको गम्भिर मानसिक तथा आर्थिक मार परिरहेको हुन्छ । यस्तो अवस्थामा चिकित्सकीय अभ्यास गर्ने स्वास्थ्यकर्मीलाई तालिम सहितको चेतावनी दिइएपनि बिरामीलाई परेको असरलाई सम्बोधन गर्नका लागि क्षतिपूर्ति उपयुक्य विकल्प हुनेहुनाले स्वास्थ्य तथा जनसंख्या मन्त्रालयलाई निम्नुसार लेखिपठाउन उपयुक्त हुने निर्णय भयो ।

(क) स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्थाको सुरक्षा सम्बन्धी ऐन तथा नियमावलीमा भएको व्यवस्था अनिवार्य रुपमा लागु गर्ने । यसकालागि नेपाल मेडिकल काउन्सिलको भुमिका तोकिआएमा सोही बमोजिम गर्ने ।

(ख) चिकित्सकीय व्यवहारका कारण उत्पन्न समस्याको प्रारम्भिक छानबिन गर्नका लागि एकसय सैया भन्दा माथिक अस्पतालले एक आचारसंहिता समिति बनाइ प्रारम्भिक छानबिन गर्ने र सोको प्रतिवेदन स्वास्थ्य तथा जनसंख्या मन्त्रालय र नेपाल मेडिकल काउन्सिललाई बुझाउने ।

(ग) सबै अस्पताल तथा स्वास्थ्य संस्थाले शल्यकृया गर्दा विश्व स्वास्थ्य संगठनले तयार पारेको निर्देशिका र चेकलिष्ट लागु गर्ने गराउने ।

**२०७८ साउन १५ गतेको निर्णय**

**४. व्यवसायिक आचरण तथा स्वास्थ्य समितिको बुलेटिन**

४. व्यवसायिक आचरण तथा स्वास्थ्य समितिसंग सम्बन्धि विषयहरु समेटी समय-समयमा सोही विषयको बुलेटिन नियमित अध्यावधिक तथा प्रशारित गर्ने निर्णय भयो ।

**५. विदेशी चिकित्सकको काउन्सिल दर्ता नविकरण**

५. केही विदेशी चिकित्सकहरुको दर्ता म्याद गुज्रेपछि समेत चिकित्सकीय अभ्यास गरेको कारण रोकिएको निजहरुको दर्ता नविकरण बारे छलफल हुँदा नविकरणको अन्तिम मितिको १ बर्ष पश्चात मात्र लागु हुनेगरी दर्ता निवकरण प्रकृया नियमानुसार अगाडी बढाउन सकिने निर्णय भयो ।

**२०७८ असार २५ गतेको निर्णय**

**४. नेपाली मूलको विदेशी नागरिक चिकित्सकको दर्ता**

४. नेपाली मूलको (नेपाली नागरिकको छोराछोरी) विदेशी नागरिक चिकित्सकको दर्ता प्रकृया के-कसरी सहजिकरण गर्न सकिन्छ भनि विदेशी नागरिक चिकित्सक दर्ता समितिको प्रस्ताव उपर छलफल हुँदा यसबारेमा कानुनी राय आवश्यक पर्ने भएकाले नातागोता भिषामा रहेका चिकित्सक सम्बन्धमा नेमेकाको कानुनी सल्लाहकारसंग राय लिने तथा गैरआवासिय नेपालीहरुको सम्बन्धमा महान्याधिवक्ताको कार्यालयलाई सोधिपठाउने निर्णय भयो ।

**५. काउन्सिलबाट तयार गरिएका निर्देशिका पारित गर्ने विधि**

५. नेपाल मेडिकल काउन्सिलबाट समय-समयमा विषयगत निर्देशिका तयार गर्नका लागि व्यवसायिक समाजबाट पेश भएका निर्देशिकाहरु पारित गर्ने परिपाटीलाई निरन्तरता दिने निर्णय भयो । यसरी तयार गरिने निर्देशिका विज्ञटोली तथा विज्ञ समाजबाट परिमार्जित भै आएबमोजिम काउन्सिलको जानकारीमा आएपश्चात पारित गर्ने विषय स्मरण गर्दै आवश्यक भए काउन्सिलबाट थप परिमार्जन गर्न सकिने निर्णय भयो ।

**६. नेमेका र नेचिसं बिच सीपीडी सम्झौता**

६. नेपाल मेडिकल काउन्सिल र नेपाल चिकित्सक संघ बिच निरंतर व्यवसायिक उन्नयन (कन्टिनिअस प्रोफेसनल डेभलपमेण्ट) कार्यक्रम सञ्चालनका लागि सम्झौता गर्ने निर्णय भयो (अनुसूचीमा उल्लेख भएको) । यसैगरी अन्य कुनै व्यवसायिक संगठनले विषयगत निरंतर व्यवसायिक उन्नयन (कन्टिनिअस प्रोफेसनल डेभलपमेण्ट) सञ्चालनका लागि सम्झौता प्रस्ताव गर्नसक्ने निर्णय भयो ।

**२०७८ जेठ १० गतेको निर्णय**

**१. कोभिड महामारीका विरामीलाई सामान्य चिकित्सा लगायत अन्य विधाका चिकित्सकले उपचार गर्ने**

१. कोभिड विश्वब्यापी महामारीका बखत कोभिड बिरामीहरुको उपचारमा संलग्न हुनु नेपाल मेडिकल काउन्सिलमा दर्तावाल सबै चिकित्सकहरुको व्यवसायिक तथा नैतिक जिम्मेवारी हुने भएकाले सबै दर्तावाल चिकित्सकहरुलाई आफ्नो क्षमता तथा दक्षता अनुसार पीडितहरुको उपचारमा संलग्न हुन प्रोत्साहन गर्ने र सोही बमोजिमको व्यवस्थापन गर्नका लागि सम्बन्धित निकाय तथा संस्थालाई अनुरोध गर्ने निर्णय भयो ।

**२. इन्टर्नसीप बारे चिकित्सा शिक्षा आयोगबाट आएको परिपत्र**

२. इन्टर्नसीपको प्रावधान एमबीबीएस अध्ययन अवधि भित्रै पर्ने तथा यसको आधिकारीकता र समकक्षता निर्धारणको विषय चिकित्सा शिक्षा आयोगको कार्यक्षेत्र भित्र पर्ने हुँदा सम्बन्धित विदेशी विश्वविद्यालयहरुको पूर्वसहमतीमा सोहि पत्रमा उल्लेख भएबमोजिमको प्रावधानका लागि नजीर नबस्ने गरी आयोगले अनुमति दिएमा त्यस्ता विद्यार्थीहरुको इन्टर्नसीप प्रयोजनका लागि परीक्षण दर्ता प्रकृया नियमानुसार अगाडी बढाउन सकिने व्यहोराको जानकारी चिकित्सा शिक्षा आयोगलाई दिईएकोमा आयोगबाट सो विषय काउन्सिलबाटै निरुपण गर्न लेखिआएकोले कानून बमोजिम यस काउन्सिलले मात्र यो विषय सम्बोधन गर्न नसक्ने भएकाले आयोग र विश्वविद्यालयहरु सहितको संयुक्त बैठकबसी कार्यविधि तय गर्ने र सोहि बमोजिम इन्टर्नसीपको व्यवस्था मिलाउने निर्णय भयो ।

**२०७८ वैशाख १७ गतेको निर्णय**

**१. रोयल कलेज क्यानाडा इन्टरनेशनल (रोयल कलेज अफ अफ फिजिसियन्स एण्ड सर्जन्स अफ क्यानाडा) संगको संझौता**

१. रोयल कलेज क्यानाडा इन्टरनेशनल (रोयल कलेज अफ अफ फिजिसियन्स एण्ड सर्जन्स अफ क्यानाडा) बाट प्रस्ताव गरि पठाएको संझौताको मस्यौदा पारित गरी सोहिबमोजिमको सहमति गर्न अध्यक्षलाई अनुमति दिने निर्णय भयो ।

**२. समितिहरूको काम कर्तव्य र अधिकार**

२. नेमेका नियमावलीले तोकेबमोजिम समितिहरूको काम कर्तव्य र अधिकार सम्बन्धि विनियमावली तयार पारी स्वीकृतिका लागि स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा लेखिपठाउने निर्णय भयो ।

**२०७७ चैत्र १६ गतेको निर्णय**

**२. चिकित्सक नाम दर्ता प्रमाणपत्र परीक्षा (लाइसेन्स र विशेष परीक्षा) सञ्चालन सम्बन्धी कार्यविधि २०७७**

२. काउन्सिल बैठकमा पेशभएको चिकित्सक नाम दर्ता प्रमाणपत्र परीक्षा (लाइसेन्स र विशेष परीक्षा) सञ्चालन सम्बन्धी कार्यविधि २०७७ सामान्य संसोधन सहित पारित गरियो । यसको प्रति अनुसुचीमा संलग्न छ ।

**३. चिकित्सकको नाम दर्ता अध्यावधिक**

३क. नेपाली चिकित्सकको नाम दर्ता नियमित गर्दा नागरिकताको विषय विवादित भएमा सो को आधिकरिकता बारे गृह मन्त्रालयमा पत्राचार गरी ठहर भएबमोजिम गर्ने र विदेशी नागरिकता प्रमाणित भएमा दर्ता खारेजिको प्रकृया अगाडी बढाउने निर्णय भयो ।

३ख. प्रकरण ३क बमोजिमको चिकित्सकले पुनः नेपाली नागरिकता लिएको हकमा विदेशी नागरिकता लिएको अवधीभरसम्मका लागि नेपालमा चिकित्सकीय अभ्यास नगरेको जनाइ अनुभवको प्रमाणपत्र दिन सकिने निर्णय भयो ।

**४. विदेशमा अध्ययनरतको नेपालमा इन्टर्नसीप**

४. इन्टर्नसीप बारे मिति २०७७ फागुन २३ मा शिक्षा मन्त्रालयबाट लेखिआएको पत्र तथा सो विषय उपर छलफल हुँदा इन्टर्नसीपको प्रावधान एमबीबीएस अध्ययन अवधि भित्रै पर्ने तथा यसको आधिकारीकता र समकक्षता निर्धारणको विषय चिकित्सा शिक्षा आयोगको कार्यक्षेत्र भित्र पर्ने हुँदा सम्बन्धित विदेशी विश्वविद्यालयहरुको पूर्वसहमतीमा सोहि पत्रमा उल्लेख भएबमोजिमको प्रावधानका लागि नजीर नबस्ने गरी आयोगले अनुमति दिएमा त्यस्ता विद्यार्थीहरुको इन्टर्नसीप प्रयोजनका लागि परीक्षण दर्ता प्रकृया नियमानुसार अगाडी बढाउन सकिने व्यहोराको जानकारी चिकित्सा शिक्षा आयोगलाई दिने निर्णय भयो ।

**५. विदेशी चिकित्सक दर्ता नविकरण तथा नियमन –**

५. नेपाल मेडिकल काउन्सिलको मिति २०७२।०८।२१ गतेको निर्णय अनुसार नेपाल मेडिकल काउन्सिलमा दर्ता भै कार्यरत विदेशी नागरिक चिकित्सकले नवीरकणको म्याद सकिएको ३५ (पैंतिस) दिनभित्र नियमित नवीकरणका शुल्क तिरेर नवीकरणका लागि आवश्यक सबै प्रकृया पुरागरी नेपाल मेडिकल काउन्सिल वा स्वास्थ्य तथा

जनसंख्या मन्त्रालयमा आवेदन दर्ता भै आवेदन स्वीकृत भएमा सुरु मिति देखि नै दर्ता नियमित गर्न सकिने निर्णय गरियो ।

५क. काउन्सिलमा एकपटक दर्ता भै कामगरेको विदेशी चिकित्सकले ३५ भित्र नविकरणका लागि आवेदन दर्ता नगरेको वा आवेदन स्वीकृत नभएको अवस्थामा चिकित्सकिय अभ्यास गरेको पाइएमा त्यस्तो विदेशी चिकित्सकलाई बढीमा २ बर्ष सम्मका लागि पुनःदर्ता नगर्ने ।

५ख. सूचनाको अवहेलना गरी वा जानिजानि विना दर्ता कामगर्ने विदेशी चिकित्सकलाई निजले भविश्यमा नेपालमा चिकित्सकका रुपमा कामगर्न अयोग्य हुनेगरी कारबाही गर्ने । यसका साथै निजको बारेमा सम्बन्धित देशको काउन्सिल÷नियमकारी निकायलाई समेत लेखिपठाउने ।

५ग. प्रकरण ५क र ५ख बमोजिमको विदेशी चिकित्सकलाई बिना दर्ता वा दर्ता नविकरण नगरी चिकित्सकीय काममा लगाउने संस्थालाई चेतावनी सहित चेतावनीको निर्णय भएको बढीमा २ बर्ष सम्म सो संस्थामा कुनैपनि विदेशी नागरिक चिकित्सक दर्ता तथा दर्ता नविकरण नगर्ने ।

५घ. विदेशी नागरिक चिकित्सकले बिना दर्ता कामगरेको अवधिमा विरामीलाई हानी–नोक्सानी हुनगएको कुनै उजुरी वा सिकायत भए सोको बिवरण उल्लेख गरी नेपाल मेडिकल काउन्सिलमा उजुर गर्न सकिने व्यहोराको सार्वजनिक सूचना प्रकाशन गर्ने र दोषि देखिएमा त्यस्ता चिकित्सकलाई प्रचलित कानुन बमोजिम कारबाही गर्ने ।

**६. विदेशमा स्नातकोत्तर अध्ययन पूरागरेका चिकित्सकको मान्यता –**

६. विदेशमा स्नातक तथा स्नातकोत्तर तहको अध्ययन पूरागरी आएका चिकित्सकको प्रमाणपत्रसंग सम्बन्धित विषयमा कार्यक्रम, अध्ययन अवधि तथा मान्यता सम्बन्धि विषयमा कुनै प्रश्न उठेमा चिकित्सा शिक्षा आयोगबाट समकक्षता लिई आउनुपर्ने र सोहि बमोजिम गर्ने निर्णय भयो ।

**७. इन्टर्नसीपको आवेदन ढिलोगरी बुझाएको विषय –**

७. इन्टर्नसीपका लागि आवश्यक परीक्षण दर्ता प्रमाणपत्रका लागि आवेदन दिएका तर समयमै बुझाउनु पर्ने दस्तुर तथा अन्य आवश्यक प्रकृया पूरानगरेका कलेजलाई चेतावनी सहित आवश्यक विलम्ब शुल्क बरावरको जरिवाना लिई इन्टर्नसीप सुरुभएको वास्तविक मिति बमोजिमको प्रमाणपत्र जारी गर्ने निर्णय भयो ।

**२०७७ फागुन १२ गतेको निर्णय**

**३. स्नातकोत्तर तहको विशेष परीक्षाको अंकभार –**

३. स्नातकोत्तर तहको विशेष परीक्षाको अंकभार १०० र परीक्षा समय २ घण्टा कायम भएकोमा अबउप्रान्त परीक्षाको अंकभार १२० र परीक्षा समय २ घण्टा कायम गर्ने निर्णय भयो । यसरी थपिने २० वटा प्रश्नहरु एक उत्तर हुने बस्तुगत प्रश्न हुनेछन् ।

**४. परीक्षा पुनर्योग प्राप्तांक –**

४. तोकिएको मिति भित्र विधिवत रुपमा लाइसेन्स परीक्षाको पुनर्योगका लागि आवेदन गरेको ७ दिन भित्र अध्यक्ष वा निजले तोकेको परीक्षा समितिको सदस्य तथा रजिष्ट्रारले परीक्षार्थीले प्राप्त गरेको अंक र नतिजा रुजु गर्ने र सोको जानकारी परीक्षार्थीलाई गराउने निर्णय भयो ।

**५. बिना दर्ता कामगर्ने विदेशी चिकित्सलाई कारबाही –**

५. नेपाल मेडिकल काउन्सिलको मिति २०७२।०८।२१ गतेको निर्णय अनुसार नेपाल मेडिकल काउन्सिलमा दर्ता भै कार्यरत विदेशी नागरिक चिकित्सकले नवीरकणको म्याद सकिएको ३५ (पैंतिस) दिनभित्र नियमित नवीकरण शुल्क तिरेर नवीकरणका लागि आवेदन गर्नसक्नेछ भन्ने निर्णय स्मरण गरियो । विना दर्ता वा लिखित आदेश अटेर गरी वा दर्ता प्रमाणत्रको म्याद सकिएपछि नविकरण नगरी नेपालमा काम गर्ने विदेशी नागरिक चिकित्सकलाई निम्नबमोजिम हुनेगरी कारवाही गर्ने निर्णय गरियो ।

५क. काउन्सिलमा एकपटक दर्ता भै कामगरेको विदेशी चिकित्सकले दर्ता अबधि सकिनु अगाबै आवेदन गर्न सक्ने तर नियमानुसार दर्ता नविकरण नगरी वा चिकित्सकीय अभ्यासका लागि स्वीकृति पत्र प्राप्त नहुञ्जेल काम गर्न नहुने स्मरण गराउने ।

५ख. नविकरण प्रकृया पूरा नगरि चिकित्सकीय अभ्यास गरेको पाईएमा त्यस्तो विदेशी चिकित्सकलाई आगामी २ बर्षका लागि पुनःदर्ता नगर्ने ।

५ग. सूचनाको अवहेलना गरी वा जानिजानि विना दर्ता कामगर्ने विदेशी चिकित्सकलाई निजले भविश्यमा नेपालमा चिकित्सकका रुपमा कामगर्न अयोग्य हुनेगरी कारबाही गर्ने । यसका साथै निजको बारेमा सम्बन्धित देशको काउन्सिल वा नियमकारी निकायलाई समेत लेखिपठाउने ।

५घ. प्रकरण ५ख र ५ग बमोजिमको विदेशी चिकित्सकलाई बिना दर्ता वा दर्ता नविकरण नगरी चिकित्सकीय काममा लगाउने संस्थालाई चेतावनी सहित चेतावनीको निर्णय भएको बढीमा २ बर्ष सम्म सो संस्थामा कुनैपनि विदेशी नागरिक चिकित्सक दर्ता तथा दर्ता नविकरण नगर्ने ।

५ङ. विदेशी नागरिक चिकित्सकले बिना दर्ता कामगरेको अवधिमा विरामीलाई हानी–नोक्सानी हुनगएको कुनै उजुरी वा सिकायत भए सोको बिवरण उल्लेख गरी नेपाल मेडिकल काउन्सिलमा उजुर गर्न सकिने व्यहोराको सार्वजनिक सूचना प्रकाशन गर्ने र दोषि देखिएमा त्यस्ता चिकित्सकलाई प्रचलित कानुन बमोजिम कारबाही गर्ने ।

**६. स्थायी दर्ता प्रमाणपत्र दर्ता र प्रमाणपत्र वितरण प्रावधान –**

६. अस्थायी र स्थायी दर्ता प्रमाणपत्रधारीको दर्ता नम्बर, योग्यता, कामको प्रकृति, मान्यता र कबुलियतमा कुनै भिन्नता नहुने हुनाले स्थायी दर्ताका लागि तपसील बमोजिम गर्नेगराउने निर्णय भयो ।

६क) स्थायी दर्ताका लागि आवश्यक पर्नेः आवेदन फारम (कम्प्युटरमा भर्न सकिने), दस्तुर (भौचर), सक्कल अस्थायी दर्ता प्रमाणपत्र (मञ्जुरीनामा सहित वारेस वा प्रतिनिधिले बुझाए हुने), ट्रान्सकृप्ट र अन्तिम प्रमाणपत्रको प्रतिलिपी (नबुझाएको भए), छात्रबृत्तिमा अध्ययन गरेको भए सक्कल फुकुवा पत्र र दुइ बर्ष कामगरेको प्रमाणपत्र वा स्वयंघोषित पत्र ।

६ख) स्थायी दर्ताका लागि आवश्यक नपर्नेः नेपाली कागजको आवेदन फारम (औंठा छाप र दर्तावाल चिकित्सकको सिफारिस), कबुलियतनामा, प्रतिज्ञापत्र र थप कागजपत्र ।

६ग) प्रमाणपत्र हस्तान्तरणः चिकित्सकको मञ्जुरीनामा सहित अस्थायी दर्ताको सक्कल प्रमाणपत्रहरु र दस्तुर भौचर सहित अधिकार प्राप्त कुनै वारेस वा प्रतिनिधि सो प्रमाणपत्र लिन आएमा त्यस्तो ब्यक्तिलाई स्थायी प्रमाणपत्र हस्तान्तरण गर्न सकिने ।

**७. दर्ता प्रमाणपत्रमा उल्लेख हुने मिति –**

७क. काउन्सिलले लिने दर्ता प्रमाणपत्र परीक्षा उत्तिर्ण चिकित्सकको नामावली रुजुगरी दर्ता समितिले तोकेको मिति अनुसार प्रमाणपत्र वितरण गरिंदै आएकोमा अब आईन्दा परीक्षाको नतिजा प्रकाशित भै दर्ता समितिले रुजुगरेको मितिको पैंतिस दिनभित्र आवेदन गरेका चिकित्सकलाई सोहीअनुसार र पैंतिस दिनभित्र आवेदन नगर्नेको हकमा आवेदन दिएको मिति अनुसार प्रमाणपत्रमा दर्ता मिति उल्लेख गर्ने निर्णय भयो ।

७ख. काउन्सिलले प्रयोग गर्ने मिति विक्रम सम्बतमा हुने र सोही मिति आधिकारिक हुनेछ ।

**८. काउन्सिलले प्रयोग गरेको सफ्टवेयर र प्रयोग –**

८. काउन्सिललाई हाल कायमरहेको सेवाप्रदायकले उपलब्ध गराई प्रयोगमा रहेको सफ्टवेयर, तथ्याङ्क प्रयोग र तिनको प्रभावकारी उपयोग भए–नभएको, समयमा काम सकिए–नसकिएको बारे अध्ययन गरी आवश्यक भएमा सो सेवाको विकल्प सहितको प्रतिवेदन आगामी बैठकमा पेश गर्न रजिष्ट्रारलाई जिम्मा दिने निर्णय भयो ।

**९. शिक्षण संस्थाको विभागीय प्रमुख –**

९. विभिन्न शिक्षण संस्थाबाट विभागीय प्रमुखमा क्लिनिकल वा नन्–क्लिनिकल शिक्षक मध्ये कसलाई विभागीय प्रमुख बनाउन उपयुक्त हुन्छ भनि सोधिएको प्रश्न उपर छलफल हुँदा विभागीय प्रमुख पद प्रशासनिक पद समेत

भएकोले सम्बन्धित संस्थाको नियम, परम्पराका साथै यस काउन्सिलबाट पत्रमार्फत बखत–बखतमा दिईएको निर्देशन अनुसार गर्नहुन भन्ने राय दिने निर्णय भयो ।

**१०. स्वदेश तथा बिदेशमा स्नातकोत्तर तह अध्ययन पूरा गरेका विद्यार्थीहरूको तालिम अनुमति –**

१०क. विदेशमा स्नातकोत्तर तह अध्ययन गरी प्रमाणपत्र प्राप्त गरेका तर काउन्सिलको प्रावधान अनुसारको आवासीय अवधि नपुगभएका विद्यार्थीहरुको हकमा काउन्सिलबाट पारित प्रावधान अनुसार शिक्षा तथा सी.पी.डी. समितिको सिफारिस बमोजिम तोकिएका स्वास्थ्य संस्थामा अनुभव प्राप्त गर्न अनुमति प्रदान गर्ने निर्णय भयो ।

१०ख. उपरोक्त बमोजिमको तालीम विश्वविद्यालय वा प्रतिष्ठानसंगको संझौताको आधारमा शैक्षिक कार्यक्रम सञ्चालन भएको तर तालीम माग गरिएको विषयमा स्नातकोत्तर तहको पढाई नभएको विभाग वा अस्पतालमा समेत अनुमति दिन मिल्ने निर्णय भयो ।

**११. काउन्सिलमा पर्ने उजुरी तथा कारबाही –**

११. यस काउन्सिलमा पर्ने उजुरी, कारबाही तथा पत्राचारका विषयमा निम्नानुसार गर्ने निर्णय भयो–

११क. काउन्सिलको क्षेत्राधिकार भित्रपर्ने विषयभए काउन्सिलले गर्ने कारबाही पश्चात अन्य नियमकारी निकायमा कारबाहीका लागि लेखिपठाउने ।

११ख. कुनै पनि समितिसंग सम्बन्धित विषयभए सोही समितिको संयोजकलाई जानकारी दिई रजिष्ट्रारले प्रारम्भिक पत्राचार गर्ने र प्राप्त विवरण सम्बन्धित सामितिमा पठाउने ।

११ग. पूर्णबैठक तथा समितिले गरेको निर्णयभए सोहि विषय उल्लेख गरी पत्राचार गर्ने ।

**१३. काउन्सिलको बार्षिकोत्सव –**

१३. काउन्सिलको स्थापना दिवस २०७७ फागुन १६ गते परेकोले सो दिन काउन्सिल दिवस मनाउने निर्णय भयो । काउन्सिल दिवस मनाउनका लागि आवश्यक आर्थिक तथा भौतिक व्यवस्थापन प्रशासनले गर्ने निर्णय भयो ।

**२०७७ माघ १६ गतेको निर्णय**

२. विदेशमा स्नातकोत्तर अध्ययन पूरा गरेका तर तालिम समयावधि नपुगेकाहरूको थप तालिम कार्यविधि सम्बन्धमा –

२क) विदेशमा स्नातकोत्तर तहमा भर्ना भई तेश्रो बर्षको अध्ययन अवधि पूरागरी प्रमाण प्राप्त गरेका तर कोभिड महामारीका कारण अस्पतालमा गर्नुपर्ने आवासीय तालिम अवधि पूरानभएका चिकित्सकको हकमा काउन्सिलको २०७७ पौष ५ गतेको पूर्ण बैठकको निर्णयानुसार त्यस्तो चिकित्सकहरूको नपुग अध्ययन अवधिभरको अपुग अबधि बराबरको आवासीय अध्ययन तालिमको प्रयोजनका लागि आवेदक चिकित्सकले गर्ने आवेदन, तालिम दिने स्वास्थ्य संस्था र तालिम प्रदान गर्ने शिक्षकको मञ्जुरीनामा र काउन्सिलले दिने अनुमति पत्रहरु अनुसूचीमा टाँस भएबमोजिम गर्ने निर्णय भयो ।

२ख) विदेशमा स्नातकोत्तर तहमा भर्ना भई तेश्रो वर्षको अध्ययन अवधि पूरा गरी उत्तिर्ण भएका तर प्रमाणपत्र प्राप्त गरिनसकेका चिकित्सकले विश्वविद्यालयबाट अध्ययन पूरा भई उत्तिर्ण भएको निस्सा प्रमाण पेश गरेमा निजहरूलाई समेत २क. बमोजिमको अपुग अध्ययन अवधि बराबरको आवासीय अध्ययन तालिमको व्यवस्था गर्ने निर्णय भयो ।

२. २०७७ कार्तिक १ गते सम्पन्न भएको दर्ता प्रमाणपत्र परीक्षाको वीरगञ्ज परीक्षाकेन्द्रमा परीक्षार्थी उमाशंकर रायले परीक्षा हलभित्र गैरकानूनी कार्य गरेको सन्दर्भमा सोही मितिमै बसेको परीक्षा समितिको बैठकले निर्णय गरे बमोजिम निज उमाशंकर रायलाई परीक्षा मिति २०७७ कार्तिक १ गतेबाट एक वर्षसम्म काउन्सिलको दर्ता प्रमाणपत्र परीक्षामा सहभागी नगराउने निर्णयलाई अनुमोदन गरियो । यसको जानकारी सम्बन्धित व्यक्तिलाई गराउने समेत निर्णय गरियो । साथै आगामी परीक्षाहरूमा समेत सोही बमोजिम गर्न गराउन परीक्षा समितिलाई निर्देशन दिने निर्णय भयो ।

**२०७७ पुष ५ गतेको निर्णय**

**२. काउन्सिल ऐनको अवधारणा पत्र –**

२. सबै काउन्सिलहरुलाई समायोजन गरी एकै छातामुनी ल्याउनका लागि व्यवहारिक कठिनाई हुनेहुँदा हाललाई सबै काउन्सिलहरुको गठन प्रकृया, काम, कर्तव्य, अधिकार तथा क्षेत्राधिकार एकै प्रकारको बनाई काउन्सिलहरुको काममा समन्बय तथा एकरुपता ल्याउनका लागि अन्तर काउन्सिल समन्बय समितिको व्यवस्था ऐनमा उल्लेख हुनुका साथै नेपाल मेडिकल काउन्सिल पूर्णबैठकबाट पारित ऐन संसोधन प्रस्ताव बमोजिम ने.मे.का. ऐन संसोधन तथा विद्यमान काउन्सिल ऐनको दफा २६ मा रहेको क्षतिपुर्तिको व्यवस्था खारेज हुनुपर्ने सुझाव स्वास्थ्य तथा जनसंख्या मन्त्रालयलाई लेखिपठाउने निर्णय भयो ।

**३. ईन्टर्नसीपको मान्यता र प्रमाणीकरण विश्वविद्यालयबाट हुनुपर्ने प्रावधान –**

३. हालसम्म नेपालका मेडिकल कलेजबाट प्रदान गरिएको ईन्टर्नसीप अवधि तथा प्रमाणपत्रलाई आधिकारिकता दिईएकोमा अब उप्रान्त सम्बन्धित विश्वविद्यालयबाट प्रमाणित ईन्टर्नसीप अवधि तथा प्रमाणपत्रलाई मात्र मान्यता दिने निर्णय भयो ।

**४. अवधि नाधेका परीक्षण दर्ता प्रमाणपत्र अध्यावधिक गणना –**

४. कोभिड–१९ का कारण थपिएको ईन्टर्नसीप अवधि विश्वविद्यालयको सिफारिस सहित थपहुनका लागि आएमा नियमानुसारको दस्तुर लिई नविकरण गरिदिने निर्णय भयो ।

५. स्वदेश तथा बिदेशमा स्नातकोत्तर तह अध्ययन पूरा गरेका विद्यार्थीहरुको समयावधि गणना –

५. विदेशमा स्नातकोत्तर तह अध्ययन गरी प्रमाणपत्र प्राप्त गरेका तर काउन्सिलको प्रावधान अनुसारको आवासीय अवधि नपुगभएका विद्यार्थीहरुको हकमा काउन्सिलबाट गठित सुझाव समितिको सिफारिस परित गरी सोको समन्वय तथा सहजिकरणका लागि लागि चिकित्सा शिक्षा आयोग तथा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा सिफारिस गरिपठाउने निर्णय भयो । समितिको सुझाव अनुसुचीमा उल्लेख गरिएको छ ।

**६. परीक्षा प्रयोजनका लागि विषय तथा अंकभार र विशेषज्ञ दर्ता प्रावधान –**

६. दर्ता प्रमाणपत्र परीक्षा प्रयोजनका लागि मूल विषय, शाखा विषय, तिनको अंकभार, प्रश्नपत्रको संख्या तथा परीक्षा समय तयगर्नका लागि परीक्षा तथा शिक्षा समितिलाई जिम्मा दिने निर्णय भयो । सोहि समितिलाई स्नातकोत्तर तथा सो भन्दा माथिको प्रमाणपत्र लिएर आउने चिकित्सकको प्रमाणपत्र दर्ता सम्वन्धमा अध्ययन अवधि र विषयान्तर बारे समेत १५ दिन भित्र रायसुझाव पेशगर्न निर्देशन दिने निर्णय भयो ।

**७. छोटो तालिम तथा तालिम विनिमयमा आउने चिकित्सकको दर्ता –**

७. काउन्सिलमा दर्तावाल विशेषज्ञको सिफरिस तथा आधिकारिक संस्थाको जिम्मामा रहनेगरी बढीमा तीन महिनासम्मको छोटो तालिम तथा तालिम विनिमयमा आउने विदेशी चिकित्सकका लागि दुबै संस्थाको विचको समझदारी पत्र तथा असल चारित्रिक प्रमाणपत्र लगायतका आवश्यक प्रमाणहरुका आधारमा टुरिस्ट भिषामा नेपाल आएका समेतलाई विदेशी चिकित्सक दर्ता सहजिकरण गर्ने निर्णय भयो । तर खास प्रयोजनका लागि लिईएको भिषालाई यस प्रयोजनका लागि प्रयोग गर्न दिईने छैन ।

**८. विदेशी नागरिक चिकित्सक शिक्षक दर्ताका लागि चिकित्सा शिक्षा आयोगको प्रमाणिकरण सिफारिस आवश्यक –**

८. विभिन्न शिक्षण संस्थामा शिक्षक दर्ताका लागि आउने विदेशी नागरिक चिकित्सकलाई प्रमाणपत्र प्रदान गर्नु अगाबै चिकित्सा शिक्षा आयोगको शिक्षक प्रमाणिकरण सिफारिस आवश्यक हुने निर्णय गरियो । यस सम्बन्धमा काउन्सिलले यसअधि गरेको उमेर हदको प्रावधान समेत उल्लेख गरी यसको जानकारी चिकित्सा शिक्षा आयोगलाई दिने निर्णय भयो ।

**९. बिदेशमा स्नातकोत्तर तह अध्ययन पूरा गरेका विद्यार्थीहरुको समयावधि गणना अध्ययन समितिको प्रतिवेदन**

९. विदेशमा स्नातकोत्तर तहमा भर्नाभई तेश्रो बर्षमा अध्ययनरत विद्यार्थीहरु अन्तिम परीक्षामा हुनु अगाबै कोभिड–१९ महामारीका कारण नेपाल फर्कनु परेको तथा उनीहरुलाई विश्वविद्यालयले अनलाइन तथा क्रेडिट आवरका

आधारमा प्रमाणपत्र जारी गरेको भएपनि उनीहरुले अस्पतलमा आवासिय चिकित्सकको रुपमा गर्नुपर्ने अध्ययन अवधि नपुग भएको र अध्ययन गरको देशमा सोही महामारीका कारण फर्कन समेत नसकेको अवस्थाका कारण विशेषज्ञ दर्ता प्रमाणपत्र परीक्षामा सामेलहुन नपाएको विषयमा के कस्तो व्यवस्था उपयुक्त हुन्छ भनी मिति २०७७ मंसिर १४ गतेको पूर्णबैठकबाट सुझाव पेश गर्न गठित उप–समितिबाट निम्नानुसारको सुझाव सिफारिस गरिएको छ ।

९क) स्नातकोत्तर तहको तीन बर्षको अध्ययन अवधिभरमा पाउने तीन महिनाको बिदा अवधिलाई गणना गर्ने ।

९ख) तीन महिना बिदा अवधि गणना गर्दा आवासिय अवधि नपुग भएमा थप ६ महिनासम्मका लागि मात्र निम्नानुसार व्यवस्था भएको अस्पतालमा काउन्सिलको पूर्व स्वीकृति तथा चिकित्सा शिक्षा आयोग र स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको सहमतिमा रेजिडेन्सी तालिम अपुग अवधि सम्म शिक्षण–प्रशिक्षण प्रकृयामा सामेल गराई, लगबुक तयार पारी गरिएको तालिमलाई मान्यता दिने ।

- क) स्वास्थ्य तथा जनसंख्या मन्त्रालय वा नेपाल मेडिकल काउन्सिलबाट मान्यता प्राप्त १०० सैयाको अस्पताल भएको,
- ख) आपूले अध्ययन गरेको विषयको विभाग स्थापित भएको,
- ग) उपरोक्त विभागमा आपूले अध्ययन गरेको विषयमा नेपाल मेडिकल काउन्सिलमा विशेषज्ञ दर्ता भई पाँच बर्ष कार्य अनुभव भएको वा सहप्राध्यापक उपाधि प्राप्त चिकित्सक कार्यरत रही विद्यार्थीलाई तालिम प्रदान गर्न तयार रहेको हुनु पर्नेछ ।

९ग) यो व्यवस्था कोभिड–१९ महामारी अवधिभर एकपटकका लागि मात्र लागु हुनेछ ।

९घ) यो व्यवस्था सम्बन्धित विश्वविद्यालयबाट स्नातकोत्तर तहको उत्तिर्ण प्रमाणपत्र प्राप्त गरेका चिकित्सकहरुका लागि मात्र लागू हुनेछ ।

**२०७७ मंसिर १४ गतेको निर्णय**

**१. स्वदेश तथा बिदेशमा स्नातक तह अध्ययन पूरा गरेका विद्यार्थीहरुको ईन्टर्नसीप अवधि र मान्यता –**

१. काठमाडौं विश्वविद्यालयबाट स्नातक तह उत्तिर्ण गरी २०७७ बैसाख १५ गते भित्र ईन्टर्नसीप पूरा गरेका विद्यार्थीहरुको दर्ता प्रमाणपत्र बितरण सुरु गरिसकिएको र त्रिभुवन विश्वविद्यालयबाट स्नातक तह उत्तिर्ण गरी कोभिडको समयमा ईन्टर्नसीप पूरा गरेका विद्यार्थीहरुको हकमा विश्वविद्यालयसंग समन्बय गरी दर्ता प्रमाणपत्र बितरण गर्ने जानकारी बैठकमा गराईयो ।

**२. स्वदेश तथा बिदेशमा स्नातकोत्तर तह अध्ययन पूरा गरेका विद्यार्थीहरुको समयावधि गणना र मान्यता सम्बन्धमा –**

२. यस विषयमा छलफल हुँदा स्वदेशबाट स्नातकोत्तर तह अध्ययन पूरा गरेका विद्यार्थीहरुको हकमा सम्बन्धित विश्वविद्यालयबाट प्रदान गरिएको प्रमाणपत्र रुजु गरी प्रमाणपत्र जारी गर्ने । बिदेशबाट स्नातकोत्तर तह अध्ययन पूरा भयो भनि प्रमाणपत्र प्राप्त गरेका तर आवासिय रुपमा पढाई पूरा नगरेका विद्यार्थीहरुको हकमा कोभिड–१९ को विश्वव्यापी महामारीको समयावधिभर मात्र लागु हुनेगरी के कस्तो व्यवस्था उपयुक्त हुन्छ भनि अध्ययन प्रतिवेदन पेश गर्न डा. अंकुर शाहको संयोजकत्वमा डा. लोचन कार्की, डा. शिवजी पौडेल, डा.कालुसिंह खत्री र डा. कृष्णप्रसाद अधिकारी रहेको समिति गठन गरियो । उपरोक्त समितिले आगामी बैठकमा पेशगर्ने अध्ययन प्रतिवेदनका आधारमा निर्णय वा सिफारिस गर्ने निर्णय भयो ।

**३. दर्ता प्रमाणपत्र परीक्षामा सामेल हुनका लागि सन् २०२० सेप्टेम्बर पछि भर्ना भई अध्ययनरत विद्यार्थीहरुको समकक्षता सम्बन्धमा –**

३. उपरोक्त विषयमा छलफल हुँदा सन् २०२० को सेप्टेम्बर शैक्षिक सत्र देखि चिकित्सा शिक्षा आयोगबाट योग्यता प्रमाणपत्र (इलिजिबिलिटी सर्टिफिकेट) प्रदान गर्न सुरु गरिएको सन्दर्भमा सन् २०२१ जनवरीदेखि अध्ययन सुरु गरी अध्ययन पूरा गरेका विद्यार्थीहरुको हकमा सोही आयोगबाट समकक्षता प्रमाणपत्र जारी भएपश्चात मात्र दर्ता

प्रमाणपत्र परीक्षामा समेल गराउने निर्णय भयो । यसको जानकारी सार्बजनिक सूचना मार्फत गराउने निर्णय भयो ।

**४. नेपाल मेडिकल काउन्सिल ऐन, २०२० को दफा २६ को उपदफा (४) मा भएको व्यवस्था खारेजी–**

४. मिति २०७४।०६।३० को खण्ड ६७ अतिरिक्ताङ्क २२ख राजपत्र भाग २ मा प्रकाशित बुँदा १० मा नेपाल मेडिकल काउन्सिल ऐन, २०२० मा निम्नबमोजिमको संसोधन भएको पाईयोः नेपाल मेडिकल काउन्सिल ऐन, २०२० को दफा २६ को, (१) उपदफा (३) मा रहेका "तीन बर्षसम्म कैद वा तीन हजार रुपैयाँ वा दुबै सजाय" भन्ने शब्दहको सट्टा "तीत बर्षसम्म कैद र तीस हजार रुपैयाँसम्म जरिवाना" भन्ने शब्दहरु राखिएका छन् । (२) उपदफा (३) पछि देहायको उपदफा ४ थपिएको छ ःः– "(४) कसैले यस ऐन बमोजिमको कसूर गरेको कारणबाट ज्यान मरेमा वा अङ्गभङ्ग भएमा वा अन्य हानि, नोक्सान वा क्षति पुगेकोमा कसूरदारबाट सम्बन्धित पीडितलाई र निजको मृत्य भएकोमा निजको हकवालालाई मनासिब क्षतिपूर्ति भराई दिनुपर्नेछ ।"

यस विषयमा छलफल हुँदा क्षतिपूर्ति भराई दिने सम्बन्धी व्यवस्था अन्य ऐनले नै व्यबस्थित गरी व्यवहारमा समेत लागु भैसकेको तथा काउन्सिलको वर्तमान कार्य प्रकृति भन्दा भिन्न विषय भएकाले उपरोक्त थप गरिएको दफा २६ को उपदफा (४) खारेज गर्न सम्बन्धित निकायमा लेखि पठाउने निर्णय भयो ।

**५. स्नातकोत्तर तहको विशेष परीक्षाको समीक्षाः**

५. नेपाल मेडिकल काउन्सिलले मिति २०७७ मंसिर १२ र १३ गते लिएको स्नातकोत्तर तहको विशेषज्ञ दर्ता प्रमाणपत्र परीक्षा पहिलो पटक कम्प्युटर प्रविधिबाट सफलतापूर्वक सम्पन्न भएको जानकारी परीक्षा समितिबाट प्राप्त भयो । उपरोक्त परीक्षामा ८३९ जना सहभागी मध्ये ६१५ जना उत्तिर्ण भएको तथा सोहि परीक्षामा ४ जना अनुपस्थित र १ जनाको परीक्षा रद्द गरिएको जानकारी बैठकलाई गराइयो । परीक्षाका विषयमा संयोजकबाट प्रश्नपत्रको बनोट, टाइपिंग, हार्डबेयर, सफ्टवेयर, भेरिफिकेशन, आदि बारे बैठकलाई जानकारी गराउँदै अवका दिनमा गर्नुपर्ने सुधारका कामहरु बारे जानकारी गराइयो । परीक्षा सञ्चालनको कार्यमा सहयोग समन्वय गर्ने सबैलाई धन्यवाद ज्ञापन गरियो ।

**६. नयाँ प्रमाणपत्र, लोगो र छापको प्रयोगबारे सूचना–**

६. काउन्सिलका रजिष्ट्रारले नयाँ प्रमाणपत्र, लोगो र छाप प्रयोगमा आएको जानकारी गराउनु भयो । यसबारे सर्वसाधारणलाई सार्वजनिक सूचना मार्फत जानकारी गराउने निर्णय भयो ।

**८. विदेशमा स्नातक तथा स्नातकोत्तर वा स्नातकोत्तर तहको अध्ययन पश्चात अध्ययन गरेको देशमा दर्तावाल नेपाली चिकित्सकको दर्ता–**

८. विदेशमा स्नातक तथा स्नातकोत्तर वा स्नातकोत्तर तहको अध्ययन पश्चात अध्ययन गरेको देश मै दर्तावाल नेपाली चिकित्सकको दर्ता विधि तथा प्रकृया बारे छलफल हुँदा स्नातकोत्तर तहको अध्ययन पश्चात विशेषज्ञको रुपमा दर्ता भई १० बर्ष विशेषज्ञ चिकित्सकको अनुभव प्राप्त व्यक्तिको हकमा निजलाई स्नातक तहको दर्ता प्रमाणपत्रको मौखिक परीक्षा र स्नातकोत्तर तहको विशेष दर्ता प्रमाणपत्रको लिखित परीक्षामा सामेल गराई उत्तिर्णलाई नेपाली नागरिक सरह सुरु दर्ता गर्न सकिने निर्णय भयो । उपरोक्त प्रयोजनका लागि सम्बन्धित देशको दर्तागर्ने निकायबाट असल चिकित्सकीय अभ्यास प्रमाणपत्र (गुड स्टाण्डिंग सर्टिफिकेट) पेश गर्नु पर्नेछ ।

**२०७७ कार्तिक २१ गतेको निर्णय**

**१. काउन्सिलको दर्ता प्रमाणपत्र परीक्षा सम्बन्धी निर्णय –**

१क) काउन्सिलले लिने दर्ता प्रमाणपत्र परीक्षाको बार्षिक तालिका बारे छलफल हुँदा यसपटक कम्प्युटरमा आधारित सुरुहुने विशेषज्ञ दर्ता प्रमाणपत्र परीक्षाको अनुभव र प्रकृया अध्ययन गरेपश्चात तालिका निर्माण गर्ने निर्णय भयो ।

१ख) २०७७ मंसिर १२ र १३ गते इञ्जिनियरिङ अध्ययन संस्थान, पुल्चोक, ललितपुरमा हुने कम्प्युटरमा आधारित विशेषज्ञ दर्ता प्रमाणपत्र परीक्षाको पूर्वतयारीका बारेमा परीक्षा समितिका संयोजकबाट बैठकलाई जानकारी गराईयो । तयारी संतोषजनक रहेको पाईयो ।

१ग) कम्प्युटरमा आधारित परीक्षाको नतिजा पुनर्योग बारे छलफल हुँदा परीक्षाको दुई प्रति सफ्टकपी १ बर्षसम्म सुरक्षित राख्ने निर्णय भयो ।

१घ) प्रश्नपत्र बनाउने र सच्याउने दर बारे छलफल हुँदा नयाँ प्रश्नपत्र बनाउने दर प्रति बस्तुगत प्रश्न (एमसीक्यू) रु. एकसय र प्रति बोधजन्य प्रश्न (पाँच प्रश्न समाबेस भएको सीएसक्यू) रु. पाँचसय दिने निर्णय भयो । काउन्सिलबाट संकलन भै टाईप गरिएको प्रश्न सुधारेको वा सच्याएको वा नयाँ स्वरुपमा तयारी गरी पठाएको प्रति बस्तुगत प्रश्न रु. पचास दिने निर्णय भयो ।

ङ) परीक्षा शुल्क र दर्ता शुल्क परिमार्जन गर्ने वा परीक्षा शुल्कमा प्रमाणपत्र र परिचयपत्र समेत समाबेस गरि दिन सकिने–नसकिने सम्बन्धमा छलफल हुँदा यसबारे काउन्सिलको आर्थिक स्थितिको विश्लेषण गरी रजिष्ट्रारले आगामी बैठकमा पेश गर्ने निर्णय भयो ।

२. काउन्सिलमा कार्यरत कर्मचारी सम्वन्धी निर्णय –

२क) कर्मचारी विनियमावली संसोधन ।

२ख) परिवर्तित सन्दर्भमा काउन्सिलको संगठन संरचना तथा व्यवस्थापन सर्वेक्षणको कार्य अघि वढीरहेको जानकारी गराईयो । हालका लागि कर्मचारी दरबन्दी विवरण तथा पदनाम तपसिल बमोजिम कायम गर्ने गरी स्वीकृत गर्ने निर्णय भयोः

विनियम २.२(१) सँग सम्बन्धित – अनुसूची–१ सँग सम्बन्धित कर्मचारीको श्रेणी÷स्तर

नेपाल मेडिकल काउन्सिलमा देहाय बमोजिमका श्रेणीहरु तथा दरबन्दीहरु कायम रहनेछन् ः

अधिकृत तर्फः

(क) द्वितिय श्रेणी –उपप्रशासक वा सो सरह – १ (एक) (नयाँ थप १)

(ख) तृतिय श्रेणी – शाखा अधिकृत वा सो सरह – ३ (तीन) (नयाँ थप २)

अधिकृत भन्दा तल

(क) प्रथम श्रेणी –प्रशासन सहायक वा सो सरह –ना.सु सरह ८ (आठ) (साबिक ४, नयाँ थप ४)

(ख) द्वितिय श्रेणी –असिष्टेन्ट वा सो सरह –खरदार सरह, ९ (नौ) (साबिक ५ नयाँ थप ४)

(ग) श्रेणी बिहीन –सवारी चालक, कार्यालय सहयोगी वा सो सरह, ५ (पाँच) (हाल कायम)

नोटः 'मुखिया' भन्ने पदनाम हालको विनियमावलीमा नरहेको हुनाले सो पदमा कार्यरत कर्मचारीहरुलाई योग्यता पुगेको भए सो भन्दा माथिको निकटतम पदमा समायोजन गर्न पदपूर्ति समितिमा लेखि पठाउने ।

**५. काउन्सिलमा दर्ता हुन योग्य आधारभूत, विशेषज्ञ, सबस्पेसियालीटी विषयहरु बारे–**

५.क) काउन्सिलमा दर्ता हुन योग्य विषयहरुका लागि चाहिने पूर्वयोग्यता, आधारभुत विषय, विज्ञ विषय र सबस्पेसियालीटी विषयहरुका बारे निर्णय हुन आवश्यक देखिएकाले यसबारे गृहकार्य गर्न तथा सरोकारवाला मन्त्रालय र चिकित्सा शिक्षा आयोगसंग संयोजन गरि सुझाव पेश गर्न काउन्सिल अध्यक्षलाई जिम्मेवारी दिने निर्णय भयो ।

५.ख) सन् २०२१ जनवरी देखि स्नातकोत्तर तहभन्दा माथिल्लो तहको शैक्षिक ९म्ःरःऋज, एजम् वा सो सरह) कार्यक्रममा भर्ना हुने चिकित्सकलाई सोही तहको परीक्षामा सामेल भई उत्तिर्ण भएपश्चात मात्र दर्ता गरी प्रमाणपत्र प्रदान गर्ने निर्णय भयो । शैक्षिक उपाधी बाहेकका तालिमको हकमा काउन्सिलको पूर्वनिर्णय अनुसार गर्ने निर्णय भयो ।

५.ग) विदेशमा चिकित्सा शास्त्रको स्नातक तथा स्नातकोत्तर गरि विज्ञ तहको दर्ता पाएका नेपाली चिकित्सकको दर्ता सहजिकरण गर्न आवश्यक देखिएकाले यसबारे अध्ययन गरी राय उपलब्ध गराउन काउन्सिल अध्यक्षलाई जिम्मेवारी दिने निर्णय भयो ।

**६. मृत्यु भएका चिकित्सकहरुको दर्ता अध्यावधिक–**

६. मृत्यु भएका चिकित्सकहरुको दर्ता खारेजी तथा अध्यावधिक गर्ने काम सुरुभएको जानकारी बैठकलाई गराईयो । यसबारे सार्वजनिक सूचना मार्फत निस्साप्रमाण पुगेका त्यस्ता चिकित्सकहरुको दर्ता खारेजी पकृया अगाडी बढाउने निर्णय भयो ।

**७. तालिम र अध्ययनमा आएका विदेशी चिकित्सकहरुको दर्ता र नविकरण बारे–**

७. तालिम र अध्ययनमा आएका विदेशी चिकित्सकहरुको नियमानुसार दर्ता तथा नविकरण शुल्क लिई बार्षिक रुपमा अध्ययन अवधिभरका लागि नविकरण गर्ने निर्णय भयो ।

**२०७७ असोज १५ गतेको निर्णय**

१. शैक्षिक सत्र २०१४ का लागि चीनमा एम.बी.बी.एस. अध्ययन गर्न गएका विद्यार्थीहरुको अध्ययन अवधि

१. शैक्षिक सत्र २०१४ का लागि चीन लगायतका अन्य देशमा एम.बी.बी.एस. अध्ययन गर्न गएका विद्यार्थीहरुको योग्यता प्रमाणपत्रमा अध्ययन अवधि नखुलेको हकमा विश्वविद्यालयले प्रदान गरेको प्रमाणपत्रमा नेपाल मेडिकल काउन्सिलले तोकेको मापदण्ड पुरा गरेको खण्डमा सोहि बमोजिम मान्यता दिने र योग्यता प्रमाणपत्रमा अध्ययन अवधि खुलेको हकमा तोकिएबमोजिमको अवधि पूरा भएपछि मात्र दर्ताका लागि मान्यता दिने निर्णय भयो ।

**२. काउन्सिलको संगठन संरचना तथा व्यवस्थापन सर्वेक्षण**

२. नेपाल मेडिकल काउन्सिलमा कार्यरत कर्मचारीको काम, पद, तह तथा बढुवा प्रयोजनका लागि नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठनको सहयोगमा संगठन संरचना तथा व्यवस्थापन सर्वेक्षण गर्ने तथा काउन्सिलको विनियमावली संसोधनका लागि लोक सेवा आयोगको प्रतिनिधि सहितको समितिले संसोधन प्रकृया सुरु गरिएको जानकारी गराईयो ।

**२०७७ आश्विन ४ गतेको निर्णय**

२. आगामी कार्तिक १ गते हुने दर्ता प्रमाणपत्र परीक्षा सञ्चालन नेपालगञ्ज, चितवन, वीरगञ्ज, धरान गरी ४ वटा केन्द्र र काठमाडौ उपत्यकाभित्र आवश्यकतानुसार परीक्षा केन्द्र तय गर्ने निर्णय गरियो ।

३. विशेष परीक्षा यही आउने मंसीर १२ र १३ गते सञ्चालन गर्ने गरी तयारी गर्ने । परीक्षा कम्प्युटर आधारित हुनेगरी तयारी गर्ने ।

४. परीक्षा सञ्चालनको लागि आवश्यक OMR form स्वदेशभित्रै विशेष गोपनियता, सतर्कता सहित प्रिन्ट गर्ने निर्णय गरियो ।

७. नेपाल सरकारको कबुलियतनामा अन्तर्गत कार्यरत चिकित्सकहरुलाई वृत्ति विकास प्रयोजनका लागि कबुलियतको ६ महिना भन्दा कम सेवा अवधि बाँकी रहेकालाई मात्र सशर्त आचरणको प्रमाणपत्र (good standing certificate) प्रदान गर्ने स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको राय लिने निर्णय गरियो ।

९. प्रस्तावित ऐन संसोधन अनुरोध गर्दा नेपाल मेडिकल काउन्सिलको नाम नेपाल मेडिकल तथा डेण्टल काउन्सिल (Nepal Medical & Dental Council) राख्ने गरी नामाकरण हुन स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा लेखी पठाउने निर्णय गरियो ।

**२०७७ भाद्र १ र २ गतेको निर्णय**

**१. काउन्सिलको दर्ता प्रमाणपत्र सम्बन्धी निर्णय –**

१.क) भाद्र ७ गतेदेखि इञ्जिनियरिङ अध्ययन संस्थान, पुल्चोक, ललितपुरमा कम्प्युटरमा आधारित लिने भनिएको दर्ता प्रमाणपत्र परीक्षा तयारी रहेकै अवस्थामा देशका विभिन्न जिल्ला तथा स्थानीय तहहरुमा कोभिड महामारीको कारण कर्फ्यु/निषेधाज्ञा/बन्दाबन्दीको अवस्था सृजना भएकोले परीक्षार्थीहरुको आवतजावतको समस्यालाई ध्यानमा राखि काठमाडौ उपत्यका लगायत विभिन्न जिल्लाहरुमा समेत परीक्षा केन्द्र स्थापना गरी परीक्षा सञ्चालन गर्ने निर्णय गरियो । परीक्षाको ढाँचा कागजमा आधारित व्यवस्था अनुसार हुने निर्णय गरियो । एउटा परीक्षा हलमा २५ जना र एउटा परीक्षा भवनमा १०० जना परीक्षार्थी सहभागी हुनेगरी योजना बनाउन परीक्षा समितिलाई अनुमति दिने निर्णय भयो ।

१.ख) कोभिड–१९ को विषम परिस्थितिलाई ध्यानमा राखी परीक्षा समितिले तोकेको निम्नानुसारको स्वास्थ्य सुरक्षा सतर्कता सम्बन्धी मापदण्डहरुको पालना गर्ने गराउने निर्णय गरियो:

अ) परीक्षार्थी र परीक्षासँग सम्बन्धित सबै व्यक्तिहरूको मूल प्रवेश द्वारमा शरीरको तापक्रम मापन गर्ने । १००.४ डिग्री फरेनहाईट भन्दा माथि तापक्रम भएको व्यक्तिलाई परीक्षा केन्द्रभित्र प्रवेश नगराउने ।

आ) परीक्षार्थीहरु एवं परीक्षासँग सम्बन्धित सबै व्यक्तिहरू बिच दुई मीटरको सामाजिक दूरी र मास्कको प्रयोग अनिवार्य गर्ने ।

इ) मुलप्रवेश द्वार, परीक्षा हल तथा बायोमेट्रिक हाजिरी लिने ठाउँमा सानिटाइजर अनिवार्य राख्ने ।

ई) परीक्षार्थी बस्ने सीट प्रयोग गर्नु अघि र पछि आवश्यक सरसफाई र सानिटाइज गर्ने ।

१.ग) परीक्षा समितिको सिफारिस अनुसार परीक्षा केन्द्र र परीक्षाकेन्द्रमा खटिने काउन्सिल पदाधिकारी तोकियो । आवश्यकता अनुसार परीक्षा समितिले परीक्षाकेन्द्रमा खटिने पदाधिकारी तथा कर्मचारी हेरफेर गर्नसक्ने निर्णय भयो ।

१.घ) परीक्षा सञ्चालनको क्रममा कुनै उपकेन्द्रमा व्यवधान भएमा केन्द्राध्यक्षको सिफारिश वा सोही उपकेन्द्रमा खटिएका काउन्सिल पदाधिकारी वा प्रतिनिधिको निर्णयले कुनै एक परीक्षार्थी वा परीक्षा केन्द्रको परीक्षा रद्द गर्न सकिनेछ ।

१.ङ) परीक्षा सञ्चालनको लागि आवश्यक व्यवस्थापकीय विषयहरु, यातायात व्यवस्था, प्रश्नपत्रहरूको सुरक्षा, गोपनियता, परीक्षा केन्द्रको सुरक्षा, आदि विषयको व्यवस्थापनका लागि नेपाल सरकार कोभिड संकट व्यवस्थापन केन्द्रसँग आवश्यक सहयोग तथा सहजीकरणका लागि पत्राचार गर्ने निर्णय गरियो ।

१.च) परीक्षा सञ्चालनका लागि आवश्यक सामग्रीहरु तथा कोभिड जोखिमसँग सम्बन्धित स्वास्थ्य सुरक्षा सतर्कताका सामग्रीहरु प्रक्रिया बमोजिम खरिद गर्ने निर्णय गरियो ।

१.छ) परीक्षा सञ्चालन सम्पन्न भएपछि परीक्षामा संलग्न कर्मचारी तथा काउन्सिल पदाधिकारीलाई आवश्यकतानुसार एक हप्तासम्म क्वारेन्टाइनमा राख्ने तथा पिसिआर परीक्षण गर्ने व्यवस्था मिलाउने निर्णय गरियो ।

१.ज) परीक्षा समितिको सिफारिस अनुसार मिति २०७७ भाद्र २० गते हुने परीक्षाका लागि डा. अंकुर शाहलाई संयोजक तोक्ने निर्णय भयो ।

१.झ) परीक्षा सञ्चालनसँग सम्बन्धित प्रावधानहरुमा परिमार्जन गर्न र अन्य व्यवस्थापकीय निर्णय आवश्यक भएमा परीक्षा समितिले निर्णय लिई कार्यसम्पन्न गर्नसक्ने जिम्मेवारी दिईयो ।

१.ञ) नेपाल मेडिकल काउन्सिल÷नेपाल स्वास्थ्य व्यवसायी परिषद्÷नेपाल नर्सिंग काउन्सिल परिसरमा कम्प्युटरमा आधारित परीक्षा सञ्चालन गर्नका लागि आवश्यक कम्प्युटर तथा सहायक सामाग्रीहरु सहितको केन्द्र विकास गर्नका लागि आवश्यक पूर्वतयारी गर्न काउन्सिल प्रशासनलाई निर्देशन दिईयो ।

**२. कोभिड बीमा सम्बन्धी निर्णय –**

२. कोभिड महामारीको सन्दर्भमा काउन्सिलका सम्पूर्ण कर्मचारी तथा काउन्सिल पदाधिकारीको कोभिड बीमा गर्ने निर्णय गरियो ।

**३. विशेषज्ञ दर्ता तथा सेवा सम्बन्धी निर्णय –**

३. नेपाल मेडिकल काउन्सिले परीक्षा लिई दर्ता परीक्षा प्रमाणपत्र र विशेषज्ञ प्रमाणपत्र प्रदान गरेतापनि चिकित्सकको अध्ययन र दर्ता अनुरुपको सेवा सर्त, कार्यपरिधि र जिम्मेवारी नतोकिएकाले सोको नियमनका लागि विशेषज्ञ चिकित्सकका लागि आवश्यक काम, कर्तब्य, अधिकार व्याख्या गरी आगामी बैठकमा मस्यौदा पेश गर्न शिक्षा समिति र दन्त समितिलाई जिम्मेवारी दिईयो ।

**४. सीपीडी कार्यक्रममा डेण्टल विधाका विषयहरु समाबेस गर्ने सम्बन्धी निर्णय –**

४. सीपीडी कार्यक्रममा डेण्टल विधाका विषयहरु समावेश गर्न दन्त समिति र सिपिडी युनिटलाई आवश्यक व्यवस्था मिलाउन निर्देशन दिने निर्णय भयो ।

**५. स्नातकोत्तर तहभन्दा माथिको डीएम, एमसीएच तथा पीएचडी तहको परीक्षा सम्बन्धी निर्णय –**

५. नेपाल मेडिकल काउन्सिले स्नातकोत्तर तहभन्दा माथिको डीएम, एमसीएच तथा पीएचडी तहको परीक्षा नलिईकन उपरोक्त उपाधि प्राप्त चिकित्सकहरुलाई प्रमाणपत्र प्रदान गर्दै आएकोमा उपरोक्त विषयहरुमा समेत

परीक्षा लिएरमात्र प्रमाणपत्र प्रदानगर्न उपयुक्त हुने देखिएकाले यस विषयमा आगामि बैठकमा मस्यौदा पेश गर्न परीक्षा समितिलाई जिम्मेवारी दिईयो ।

**६. विदेशमा अध्ययनरत नेपाली तथा नेपालमा अध्ययनरत विदेशी विद्यार्थीहरु बारेको निर्णय –**

६. विदेशमा अध्ययनरत नेपाली तथा नेपालमा अध्ययनरत विदेशी चिकित्सा शास्त्रका विद्यार्थीहरु अध्ययन नियमित गर्नका लागि आफ्नो कलेज वा विश्वविद्यालयमा जान असहज भएकाले यस बारेमा सहजिकरणका लागि सम्बन्धित निकायसंग समन्वयगरी सहजिकरण गर्ने निर्णय भयो ।

**७. काउन्सिलका समिति तथा कार्यसमिति सदस्यहरुको सुविधा पूनरावलोकनका सम्बन्धी निर्णय –**

७. काउन्सिलका विभिन्न समितिहरुको पूनर्गठन तथा काउन्सिलका कार्यसमिति सदस्यहरुको सुविधा पूनरावलोकन गर्न आवश्यक देखिएकाले सोको तयारी तथा निर्णय गर्न अध्यक्षज्यूलाई जिम्मेवारी दिइने निर्णय भयो ।

**८. दर्ता प्रमाणपत्रको नयाँ ढाँचा सम्बन्धी निर्णय –**

८. काउन्सिलबाट प्रदान गरिने प्रमाणपत्रहरुमा एकरुपता ल्याउन तथा प्रमाणपत्रहरुको प्रमाणिकरण सहज बनाउनकालागि अनुसुचीमा उल्लेख भएबमोजिमको प्रमाणपत्रको ढाँचा पारित गरि अबउप्रान्त सोहि बमोजिमका प्रमाणपत्र प्रदान गर्ने निर्णय गरियो ।

**९. नेपाल मेडिकल काउन्सिलको ऐनमा समसामयिक संशोधन गर्ने सम्बन्धी निर्णय –**

९. नेपाल मेडिकल काउन्सिलको ऐनमा समसामयिक संशोधन गर्ने विषयमा छलफल हुँदा अनुसुचीमा संलग्न मस्यौदा बमोजिमको संसोधन प्रस्ताव सर्वसम्मतीले पारित गरी सोही बमोजिम प्रक्रिया अघि वढाउन स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा लेखी पठाउने निर्णय गरियो ।

**१०. उपचार सम्बन्धी अन्य ऐन संशोधन गर्ने सम्बन्धी निर्णयः**

१०क) मुलुकी संहीताको उपचारको महल प्रयोजनको लागि गठित समितिको कार्यक्षेत्र पूनः परिभाषित गर्न सिफारिश गर्ने निर्णय गरियो ।

१०ख) अङ्ग प्रत्यारोपण ऐनमा समसामयिक संसोधन गर्न नेपाल मेडिकल काउन्सिलका प्रतिनिधि मार्फत सिफारिस गरि पठाउने निर्णय गरियो ।

**२०७७ असार २४ गतेको निर्णय**

१. काउन्सिलको लोगो र छाप–

नेपाल मेडिकल काउन्सिलका हाल प्रयोगमा रहेका नेपाली र अंग्रेजी भाषाका अलग–अलग छापहरु प्रयोगमा असुविधा भएको हुँदा नेपाली र अंग्रेजी दुबै भाषा उल्लेखित छाप बनाई प्रयोग गर्ने निर्णय भयो ।

**२. काउन्सिलबाट प्रदान गरिने प्रमाणपत्र र परिचयपत्र –**

काउन्सिलबाट प्रदान गरिने प्रमाणपत्र र परिचयपत्रहरु सुरक्षा मापदण्ड सहित तथा बारकोड प्रयोगबाट आधिकारिकता पत्तालगाउन सकिने प्रविधि प्रयोगगरी तयार पार्ने निर्णय भयो ।

**३. अनलाईन सेवा र फारमहरु**

काउन्सिलबाट प्रदान गरिने सबै सेवाहरु अनलाईन प्रविधिमैत्री हुँदै गरेको सन्दर्भमा सेवाग्राहीको सुविधालाई मध्यनजर गर्दै दस्तुर भुक्तानी लगायत सबै सेवाहरुलाई अनलाईन प्रविधि मार्फत सेवा लिन प्रोत्साहित गर्ने निर्णय भयो ।

**४. दर्ता प्रमाणपत्र परीक्षा र विधि –**

४(क) कोभिड–१९ का कारण रोकिएको दर्ता प्रमाणपत्र परीक्षा, पूनः सञ्चालनका लागि मापदण्डहरु तोक्ने तथा कम्प्युटर प्रणालीबाट श्रावण महिनाको तेश्रो वा चौथौ हप्तामा परीक्षा सञ्चालन गर्न परीक्षा समितिलाई जिम्मा दिने निर्णय भयो ।

४(ख) कम्प्युटर प्रणालीबाट परीक्षा लिनका लागि पूर्वतयारी सहित आवश्यक हार्डवेयर, सफ्टवेयर, शुल्क लगायत अन्य के कस्तो व्यवस्था आवश्यक हुने हो भनि इञ्जिनियरिङ अध्ययन संस्थानलाई लेखि पठाएकोमा उक्त संस्थानबाट प्रस्ताव गरिएको शुल्क तथा विधिलाई अनुमोदन गरियो । (संलग्न)

**५. स्नातकोत्तर तहको योग्यता प्रमाणपत्र –**

स्नातकोत्तर तहको अध्ययन अनुमतिका लागि आवश्यक योग्यता प्रमाणपत्र लिनका लागि नेपालको कुनैपनि विश्वविद्यालय वा प्रतिष्ठान वा विदेशको राष्ट्रिय स्तरको स्नातकोत्तर तहको प्रवेश परीक्षा उत्तिर्ण हुनुपर्ने र सोको मान्यता अवधि दुई बर्ष भएकोमा अवउप्रान्त एकपटक स्नातकोत्तर तहको प्रवेश परीक्षा उत्तिर्ण वा स्नातकोत्तर अध्ययन पूरागरेका चिकित्सकहरुलाई सोहि मापदण्डका आधारमा स्नातकोत्तर तहको योग्यता (ईलिजिविलिटी) प्रमाणपत्र प्रदान गर्ने निर्णय भयो ।

**६. क्वारेण्टाईन वा आईसोलेशनमा भएको मृत्यु र अन्य सेवा–**

कोभिड–१९ का कारण क्वारेण्टाईन वा आईसोलेशनमा राखिएको व्यक्तिको जुनकुनै कारणवस भएको मृत्युको विस्तृत जाँच गर्ने व्यवस्था गर्न तथा सुत्केरी, क्यान्सर, मुटु रोग उपचार, डाएलाईसिस लगायतका अतिविशिष्ठ सेवा सुनिस्चित गर्ने व्यवस्थाका लागि स्वास्थ्य तथा जनसंख्या मन्त्रालयलाई अनुरोध गरी पठाउने निर्णय भयो ।

**७. र्‍यापिड एक्सन टीम –**

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको मिति २०७७÷०२÷२५ को मन्त्रिस्तरीय निर्णय उल्लेख गरी र्‍यापिड एक्सन टीम गठन गर्नका लागि काउन्सिलबाट प्रतिनिधि तोकिपठाउन अनुरोध भएकोमा उक्त टिमका लागि अध्यक्ष वा निजले तोकेको कार्यकारी सदस्य प्रतिनिधका रुपमा पठाउने र प्रदेश स्तरीय र्‍यापिड रेस्पोन्स टीमका लागि प्रदेश १ का लागि डा. खुस्बु प्रिया, प्रदेश २ का लागि डा. अंकुर साह, प्रदेश बागमतीका लागि डा. सुप्रभात श्रेष्ठ, प्रदेश गण्डकीका लागि डा. शिवजी पौडेल, प्रदेश ५ का लागि डा. कृष्ण खरेल र प्रदेश कर्णाली र प्रदेश सुदुरपश्चिमका लागि डा. ढुण्डीराज पौडेललाई प्रतिनिधि तोक्ने निर्णय भयो ।

**८. ई–बैंकिङ्ग कारोवार**

८. काउन्सिलको राष्ट्रिय वाणिज्य बैक लिमिटेड, महाराजगञ्जमा रहेको चल्ती खाता नं ११५०००२३३१०१ बाट अब उप्रान्त ई-बैकिङ (फण्ड ट्रान्स्फर सहितको ईन्टरनेट बैंकिङ्ग सुविधा) को माध्यमबाट कारोवार गर्ने निर्णय गरियो । अधिकतम दैनिक रु पाँचलाख सम्मको कारोबार ई–बैंकिङ्ग बाट गर्नका लागि हिसाब तयारी गर्ने कर्मचारी, चेकमा हस्ताक्षर चल्ने अध्यक्ष र रजिष्ट्रारको पहिचान खुल्ने पासवर्ड प्रयोग गर्ने र कम्तिमा ३ वटा युजर आइडी बनाउने, जसमध्ये दुइवटा आइडीले भुक्तानीका लागि प्रमाणित गर्ने तथा एउटा आइडीले भुक्तानी प्रक्रिया बनाउने निर्णय गरियो । सो सञ्चालनका लागि एडमिन युजर रजिष्ट्रारको आधिकारिक ईमेल मार्फत सुरु गर्ने निर्णय भयो ।

**१०. एक चिकित्सक एक स्वास्थ्य संस्था**

१०. एक चिकित्सक एक स्वास्थ्य संस्था लागु गर्नका लागि स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा काउन्सिलको तर्फबाट जाने प्रतिनिधि मार्फत संस्थागत मेडिकल प्राक्टिस, न्यूनतम भौतिक पूर्वाधार तथा सबै स्वास्थ्यकर्मीको हितलाई ध्यानमा राखी यो कार्यक्रमलाई अघि बढाउन सिफारिस गर्न निर्देशन दिने निर्णय भयो ।

**११. सीपीडी (कन्टिनिअस प्रोफेसनल डेभलपमेण्ट) निर्देशिका**

११. सीपीडी (कन्टिनिअस प्रोफेसनल डेभलपमेण्ट) युनिटबाट प्रस्तुत यस अन्तर्गतका एकृडिटेशन उपसमिति, मोड्युल उपसमिति र तालिम प्रदान गर्ने संस्थाहरुमा स्थापना हुने सीपीडी युनिटहरुका लागि तयार पारिएका निर्देशिकाहरुलाई परिमार्जन सहित पारित गरियो ।

**२०७७ जेठ २० को निर्णय**

**२. रिपोर्टिंग तथा जानकारीहरु –**

२क) परीक्षा शाखाका रहेको तलामा हालिएको फल्ससिलिङ्ग जीर्ण भएको, परेवाको गुँडका कारण कोठाहरु फोहोर भएको, दुर्गन्ध आएको र धेरै वर्ष पुरानो भई मक्किएको अवस्थामा भएकाले पुरानो छत सफा गर्ने तथा आवश्यक कोठाहरुमा फल्स सिलिङ्ग फेर्ने कार्य गरिएको ।

२ख) काउन्सिलमा हाल चालु र सम्पन्न भएका सूचना–प्रविधिसँग सम्बन्धित सम्झौता र कार्यप्रगति अनुसारको भुक्तानी प्रक्रिया नियमबमोजिम गरिएको ।

२ग) आगामी दिनमा हुने दर्ता प्रमाणपत्र परीक्षाहरु कम्प्युटर–आधारित हुने पूर्वनिर्णय अनुसार परीक्षा सञ्चालनका लागि आवश्यक मात्रामा प्रश्नहरु तयार गर्नुपर्ने, विषयगत पाठ्यक्रमको ढाँचा तयार गर्नुपर्ने परीक्षासंग सम्बन्धित भइ आउने व्यवस्थापकीय कार्यहरु गर्न तथा प्रश्नपत्रको सुरुवाती संकलन गर्ने प्रयोजनका सोही बमोजिम काम सुरु गरिएको ।

२ङ) नेपाल मेडिकल काउन्सिलमा अनलाइन आवेदनका साथ बुझाउनु पर्ने दस्तुर ईसेवा मार्फत् भुक्तानी हुँदै आएकोमा अब उप्रान्त ईसेवा प्रविधिको अलावा नेपाल राष्ट्र बैंकको समेत स्वामित्व र नियन्त्रणमा रहेको नेपाल क्लियरिङ्ग हाउसबाट सञ्चालित आई.पी.एस. सेवा मार्फत समेत रकम स्थान्तरण गर्ने व्यवस्था मिलाईएको ।

२च) मिति २०७७ जेठ १८ गते नेपाल मेडिकल काउन्सिलका पूर्वअध्यक्षहरु, पूर्वउपाध्यक्षहरु, विश्वविद्यालय तथा प्रष्ठिानका डीनहरुलाई विदेशमा स्नातक तथा स्नातकोत्तर तहमा अध्ययनरत तर कोभिड–१९ का कारण नेपाल आईसकेका विद्यार्थीहरुले नेपालमा अध्ययन अनुमति माग गरेको सन्दर्भमा यसबारे रायसुझाव दिन आमन्त्रण गरि राय लिईएको ।

२छ) चिकित्सा शिक्षा आयोगका उपाध्यक्ष तथा निर्देशकहरु र नेपाल मेडिकल काउन्सिलका पदाधिकारीहरु बिच भएको छलफलमा कलेजहरुको निरिक्षण, समकक्षता, योग्यता प्रमाणपत्र, अध्ययन–अध्यापन, आदि विषयमा आयोग र काउन्सिलको कार्यक्षेत्र स्पष्ट पार्ने विषय उपर छलफल हुँदा प्रकृयागत विषयहरु आयोगले गर्ने र दर्तासंग सम्बन्धित कामहरु काउन्सिलले गर्ने राय प्राप्त भएको ।

**३. विभिन्न निर्देशिकाहरु स्वीकृत –**

३. कोभिड–१९ रोकथाम विधिमा एकरुपता ल्याउन आवश्यक भएकोले काउन्सिल तथा व्यवसायिक संगठनहरु सम्मिलित समितिहरुले तयार पारेको कोभिड–१९ संग सम्बन्धित निर्देशिकाहरु प्राप्त राय, सुझावहरु समेटी परिमार्जन सहित पारित गरियो । पारित निर्देशिकाहरु यस काउन्सिलको वेवपेजमा राखी सार्वजनीकिकरण गर्ने निर्णय भयो ।

a) Interim guidance for dental practices during COVID-19 global emergency in Nepal

b) Advisory for safe Ear, Nose & Throat (ENT) practice during COVID pandemic

c) Telemedicine practice guideline for registered medical practitioners in Nepal

**५. फेलोसिप दर्ता –**

५. लिंकन विश्वविद्यालयको सम्बन्धनमा चितवन मेडिकल कलेजमा सञ्चालित Fellowship in Pulmonary and critical care medicine **विषयको** २ बर्षको कोर्ष उत्तिर्ण चिकित्सकहरुलाई प्रदान गरिएको उपाधिका बारेमा चितवन मेडिकल कलेजले मिति २०७६।११।२८ मा दिएको जवाफ चित्तबुझ्दो भएकाले लिंकन विश्वविद्यालय तथा काउन्सिलले दिएको मान्यताको परिधि भित्ररही निजहरुको फेलोसिप प्रमाणपत्र दर्ता गर्ने निर्णय भयो ।

**६. फेलोसिप निर्देशिका–**

आन्तरिक छलफलमा पारित गरिएको Guideline for recogniton of fellowship by Nepal Medical लाई स्वीकृत गरियो ।

**७. काउन्सिल परिचयपत्र शुल्क –**

नेपाल मेडिकल काउन्सिलको अस्थायी, स्थायी र विशेषज्ञ दर्ता गर्दाका बखत दर्तावाल चिकित्सकलाई हरेक दर्ता प्रकृयामा प्रमाणपत्र बन्दाका बखत पहिलो एक पटकका लागि नि:शुल्क परिचयपत्र प्रदान गर्ने निर्णय भयो ।

**२०७७ बैशाख १७ गतेको निर्णय**

**१. निर्देशिका अनुमोदन बारे –**

१. नेपाल मेडिकल काउन्सिलको संयोजकत्वमा कोभिड–१९ संग सम्बन्धित उपचार, रोकथाम, जानकारी तथा विषयगत सेवासुरक्षा बारे निर्माण गरिएका दस्तावेजहरु लेख्ने, संयोजन गर्ने र योगदान गर्ने सबैलाई धन्यबाद प्रदान गरियो । प्रस्तुत दस्तावेजहरुमा समय सापेक्ष परिमार्जन वा संसोधन गर्नुपर्ने भए विज्ञहरुको सोही समूहलाई जिम्मा दिने निर्णय भयो । परिमार्जित दस्तावेजहरु काउन्सिलको वेभसाइटमा राख्ने निर्णय गरियो । विषयगत रुपमा निर्माण गरिएका उक्त दस्तावेजहरु निम्नानुसार हुनेछन्ः

१क) विद्युतिय माध्यमबाट प्रस्तुत भई पारित Interim clinical guidance for care of patients with COVID-19 in healthcare settings परिमार्जन सहित अनुमोदन गरियो ।

१ख) विद्युतिय माध्यमबाट प्रस्तुत भई पारित Interim guidance for infection prevention and control when COVID-19 is suspected लाई निम्नानुसारको परिमार्जन सहित अनुमोदन गरियो । प्रत्येक परीक्षणमा बिरामी बिच्छे stethoscope, BP instrument चाहिने व्यवहारिक नभएकोले परिमार्जन गर्ने, hand sanitizer मा प्रयोग हुने alcohol को मात्रा मापदण्ड अनुसार मिलाउने र personal protective equipment को व्यवस्था अन्तै उल्लेख भएकोले राखिरहनु नपर्ने ।

१ग) विद्युतिय माध्यमबाट प्रस्तुत भई पारित Professional ethics during COVID-19 Pandemic लाई निम्नानुसारको परिमार्जन सहित अनुमोदन गरियो । बुँदा 1. a) मा भएको भाषा infection prevention को बुँदा V अनुरुप मिलाउने र मृतकको व्यवस्थापनका बारेमा अलग्गै निर्देशिका बनाउने ।

१घ) विद्युतिय माध्यमबाट प्रस्तुत भएको Interim guidelines for radiology practice during COVID-19 pandemic लाई जस्ताको तस्तै अनुमोदन गरियो ।

**२. टेलिमेडिसिन निर्देशिका निर्माण समिति गठन बारे –**

२. टेलिमेडिसिन निर्देशिका निर्माण समिति गठन आवश्यक देखिएकोले अनुभव प्राप्त संस्थाहरु जस्तै काठमाडौं मोडेल अस्पताल, पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान, आदि समेतको अनुभव समेटिने गरि दुई हप्ता भरीमा दस्तावेज पेशगर्ने गरी अध्यक्षले सिफारिस गरेका ब्यक्तिहरु सम्मिलित समिति निर्माण गर्ने निर्णय गरियो ।

**३. चिकित्सक दर्ता र विशेषज्ञ दर्ता परीक्षाको मिति र विधि बारे –**

३. २०७७ सालमा लिनुपर्ने दर्ता परीक्षाहरुको समयसूची बन्दाबन्दी खुलेपछिको पहिलो पूर्णबैठक बसी निर्धारण गर्ने निर्णय भयो । सोहि बैठकले २०७६ चैत्र ८ गते लिने भनिएको तर स्थगित दर्ता प्रमाणपत्र परीक्षाको मिति तोक्ने जिम्मा परीक्षा समितिलाई निर्णय भयो । अब आईन्दा हुने परीक्षाहरु कम्प्युटरमा आधारित परीक्षा लिने निर्णय भयो ।

**४. विदेशमा चिकित्सा शास्त्र अध्ययन गर्ने विद्यार्थीको अध्ययन अध्यापन मान्यता बारे –**

४. विदेशमा चिकित्सा शास्त्र अध्ययन गर्ने तर कोभिड–१९ महाव्याधिका कारण नेपाल आएर बसेका चिकित्सा शास्त्रको स्नातक तथा स्नातकोत्तर तहका विद्यार्थीको अध्ययन मान्यता बारे छलफल हुँदा शैद्धान्तिक कक्षाको पढाई बारे सम्वन्धित कलेज÷विश्वविद्यालयले व्यवस्था गरेबमोजिम हुने तर प्रयोगात्मक र अस्पतालमा गई विरामीको हेरचाह गर्नुपर्ने विषयमा कलेज÷अस्पतालमा उपस्थित भई पूर्ववत हाजिर भएर गरिएको अध्ययनलाई मात्र मान्यता दिने निर्णय भयो । यसको जानकारी सबै विद्यार्थी तथा विश्वविद्यालयलाई उपयुक्त माध्यमबाट दिने निर्णय भयो ।

**५. शैक्षिक तालिका र अध्यापन बारे –**

५. चिकित्सा शास्त्रको स्नातक तथा स्नातकोत्तर तहका विद्यार्थीको अध्ययन मान्यता बारे छलफल हुँदा शैद्धान्तिक कक्षाको पढाई बारे सम्वन्धित कलेज÷विश्वविद्यालयले व्यवस्था गरेबमोजिम हुने तर प्रयोगात्मक र अस्पतालमा गई विरामीको हेरचाह गर्नुपर्ने विषयमा कलेज÷अस्पतालमा उपस्थित भई पूर्ववत हाजिर भएर गरिएको अध्ययनलाई मात्र मान्यता दिने निर्णय भयो । यसको जानकारी सबै विद्यार्थी तथा विश्वविद्यालयलाई उपयुक्त माध्यमबाट दिने निर्णय भयो ।

**६. चितवन मेडिकल कलेजबाट प्रदान गरिएको फेलोसिप बारे –**

६. Fellowship in Pulmonary and critical care medicine को ३ बर्षको कोर्ष पढाउने भनिएकोमा अन्य नाम राखि २ बर्षमा उपाधि प्रदान गरिएकोले दर्ता रोकिएकोमा चितवन मेडिकल कलेजले मिति २०७६।११।२८ मा दिएको स्पष्टिकरणमा तोकिएको उपाधि सच्याईएको र शैक्षिक अवधिका लागि लिंकन विश्वविद्यालयबाट अनुमति लिएको देखियो । यस सन्दर्भमा फेलोसिप बारे के हुने भनि प्रश्न उठेको र फेलोसिप सम्बन्धि निर्देशिका निर्माणको क्रममा रहेकाले आगामी बैठकमा पेशगरी निर्णय लिने निर्णय भयो ।

७. **IAMRA** सदस्यता नविकरण बारे –

७. २०७५ जेठमा आवश्यक शुल्क बुझाएर IAMRA (International Association of Medical Regulatory Authorities) को सांगठनिक सदस्यता लिएपछि नविकरण शुल्क बुझाउन बाँकी रहेकाले बाँकी शुल्क बुझाएर सदस्यता नविकरण गर्ने निर्णय भयो ।

८. आगामी आर्थिक बर्ष २०७७/७८ को बजेट तर्जुमा र बारे –

८. बहु–उद्देश्यीय भवन निर्माण प्रस्ताव र आई.टी.प्रविधि स्थापना सहित प्रस्तुत आर्थिक बर्ष २०७७÷७८ को अनुमानित बजेट खाका केही आवश्यक परिमार्जन सहित पारित भयो ।

९. बाह्य लेखापरीक्षकले दिएको आर्थिक बर्ष २०७५/७६ को व्यवस्थापन प्रतिबेदन र लेखा प्रतिवेदनमा उल्लेखित विषय बारे –

९. बाह्य लेखापरीक्षकले दिएको आर्थिक बर्ष २०७५/७६ को व्यवस्थापन प्रतिबेदन र लेखा प्रतिवेदनमा उल्लेखित विषयमा छलफल हुँदा आर्थिक नियमावलीमा भएको व्यवस्था अनुसार खरिद प्रक्रियामा सार्वजनिक खरिद ऐन कार्यान्वयन, सानो नगदि रकम सञ्चालन, तोकिएबमोजिम प्यान विल अनिवार्य गर्ने र आगामी दिनमा काउन्सिलले लेखाङ्कन गर्ने खर्चहरुमा विधि अनुसार नियमित गर्ने गरी पेश भएको प्रतिवेदन अनुसारको खर्च अनुमोदन÷नियमित गर्ने निर्णय भयो ।

**१०. आन्तरिक र बाह्य लेखापरीक्षक नियुक्ति बारे –**

१०क) लेखा प्रशासनलाई चुस्त दुरुस्त तथा नियमसंगत बनाउन आन्तरिक लेखापरीक्षक नियुक्ति आवश्यक भएकाले व्यवसायिक क्षमताका आधारमा चाटर्ड एकाउन्टेण्टले नेतृत्व गरेको संस्था वा व्यक्तिलाई आन्तरिक प्रकृयाबाट नियुक्त गर्ने निर्णय भयो ।

१०ख) हाल कार्यरत RRP Associates का सीए प्रदिप सिग्देललाई बाह्य लेखापरीक्षक नियुक्त गरिएको तीन बर्ष अवधि पुगेको र आगामी आ.ब. २०७७/०७८ का लागि बाह्य लेखापरीक्षक नियुक्त गर्न आवश्यक भएकाले व्यवसायिक क्षमताका आधारमा खुला प्रतिस्पर्धाबाट चाटर्ड एकाउन्टेण्टले नेतृत्व गरेको संस्था वा व्यक्तिलाई बाह्य लेखापरीक्षक नियुक्त गर्ने निर्णय भयो ।

**११. प्रतिमा बानियाँको काउन्सिल दर्ता बारे –**

११. त्रिभुवन विश्वविद्यालयको सम्वन्धनमा सञ्चालित चितवन मेडिकल कलेजमा एम.बी.बी.एस. कार्यक्रममा अध्ययन गरि इन्टर्नसिपका लागि आवश्यक परीक्षण दर्ताका लागि आवेदन दिएकी विद्यार्थी प्रतिमा बानियाँको प्रमाणपत्रहरु अध्ययन गर्दा उक्त कार्यक्रममा भर्ना हुन आवश्यक न्युनतम योग्यता पुगेको नदेखिएकोले दर्ता अस्वीकार गरिएकोमा नीज विद्यार्थीले दर्ता पाउनका लागि सर्वोच्च अदालतमा रिट निवेदन दिएको र अदालतले दर्ताका लागि अन्तरिम आदेश दिएको सन्दर्भमा छलफल हुँदा मिति २०७६।११।३० मा भएको अन्तरिम आदेश रद्दका लागि सम्मानित सर्वोच्च अदालतमा निवेदन दर्ता गर्ने र अदालतबाट अन्तरिम आदेशको सन्दर्भमा निर्णय भएपछि सोहि बमोजिम गर्ने निर्णय भयो ।

१२. **Automated Biometric Identification System (ABIS)**** स्थापना बारे –

१२. नेपाल मेडिकल काउन्सिलमा दर्ता हुन योग्य ब्यक्तिको पहिचान अध्यावधिक गर्न, योग्यता परीक्षा, परिचय पत्र तथा एकपटक मात्र काउन्सिल आउनु पर्ने व्यवस्था गर्नका लागि स्थापित Automated Biometric Identification System (ABIS) विधिसम्मत ढंगले स्थापना गर्न आवश्यक गृहकार्य गरी प्रस्ताव पेश गर्न रजिष्ट्रारलाई जिम्मा दिने गर्ने निर्णय भयो ।

१३.  प्रवेश परिक्षा, योग्यता प्रमाणपत्र, शैक्षिक सत्र र निरिक्षण बारे –

१३.  चिकित्सा शिक्षा आयोग ऐन र नेपाल मेडिकल काउन्सिल ऐनमा उल्लेखित व्यवस्थालाई व्यवहारमा ल्याउनका लागि निर्णय गर्न आवश्यक भएकाले प्रवेश परिक्षा, योग्यता प्रमाणपत्र, शैक्षिक सत्र र निरिक्षणसंग सम्बन्धित विषयहरुमा छलफल गर्न नेपाल मेडिकल काउन्सिलका कार्यकारी सदस्यहरु र चिकित्सा शिक्षा आयोगका उपाध्यक्ष सहित निर्देशकहरुसंग दुई हप्ता भित्र संयुक्त बैठक गर्ने निर्णय भयो ।

**१४.  रेजिडेण्ट तथा इन्टर्नहरुको अध्ययन र कामगर्ने अवधि र तिनको तलव सुविधा बारे –**

१४.  रेजिडेण्ट तथा इन्टर्नहरुको अध्ययन अवधि, कामगर्ने अवधि र तिनको तलव सुविधा बारे व्यवहारिक कठिनाई देखिएको सन्दर्भमा चिकित्सा शिक्षा आयोगसंग परामर्श गरि निर्णय  लिने ।

***